सुदूरपश्चिम विश्वविद्यालय

# दार्चुला बहुमुखी क्याम्पस

महाकाली- ४, खलंगा, दार्चुला, नेपाल

## वार्षिक प्रगति प्रतिवेदन २०८०

**प्रकाशक**

सार्वजनिक सूचना तथा वार्षिक प्रगति प्रतिवेदन प्रकाशन समिति

सम्पर्क: ०९३-४२०२१९, ४२०४७८

इमेल: darchula@fwu.edu.np/dmcfu.np1@gmail.com

वेभसाइट: www.darchula.fwu.edu.np

## शैक्षिक व्यवस्थापन सूचना प्रणाली समिति

**संरक्षक**

उप-प्रा. कृष्ण सिह साउँद

क्याम्पस प्रमुख

**अध्यक्ष**

सहा.प्रा. पदम सिह बडाल

शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली समिति

**सदस्य**

जितेन्द्र धामी

# कार्यकारी सारांश

सुदूरपश्चिम विश्वविद्यालयको आङ्गिक क्याम्पसका रुपमा सञ्चालित दार्चुला बहुमुखी क्याम्पस क्याम्पस सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्ला महाकाली नगरपालिका वडा नम्बर ४ खलंगामा अवस्थित छ । वि.स. २०५९ सालमा स्थापित यो क्याम्पस त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी स्नातक तह सञ्चालन गरिएको थियो । वि.स. २०७५ सालमा सुदूरपश्चिम विश्वविद्यालयको आङ्गिक क्याम्पस भएपछि हाल यस क्याम्पसमा शिक्षाशास्त्र, व्यवस्थापन र मानविकी सङ्कायका स्नातक तहका बी.एड्., बी.बी.एस्. र बी.ए.का कार्यक्रमहरु सञ्चालनमा छन् भने स्नातकोत्तर तहमा शिक्षाशास्त्र र मानविकी सङ्कायका एम्.एड्. र एम्.ए.का कार्यक्रमहरु सञ्चालनमा छन् । आर्थिक वर्ष २०७९/०८० मा सुदूरपश्चिम विश्वविद्यालयको कार्यक्रम अन्तर्गत स्नातकोत्तर तहका दुई ब्याचले स्नातकोत्तर तह पूरा गरेको छ भने स्नातक तहको पहिलो ब्याच आठौँ सेमेस्टरको अन्तिम परीक्षामा समावेश भएको छ । क्याम्पसको स्थापना, सञ्चालन र क्याम्पसले लिएको गुणस्तरीय शिक्षाको गन्तब्यलाई सहज बनाउन जिल्लाको राजनीतिक, सामाजिक, शैक्षिक, बुद्धिजीवी, व्यापारी तथा विभिन्न संघ संस्थाहरुको विशिष्ठ भूमिका रहँदै आएको छ । तत्कालीन दार्चुला विकास समितिका सभापति गणेशसिह ठगुन्नाको परिकल्पनामा पूर्वमाननीयहरु इन्द्रबहादुर बंम, दिलेन्द्र प्रसाद बडू, प्रताप राम लोहार विशेष सहयोगमा क्याम्पस स्थापना भई दार्चुलाका युवाहरूको आफ्नै जिल्लामा उच्च शिक्षा हाँसिल गर्ने सपना पूरा भएको कुरा स्मरणीय छ । जिल्लाका शैक्षिक, सामाजिक र राजनीतिक क्षेत्रका अगुवाहरुको सक्रियता, सहयोग र सद्भावका कारण क्याम्पसले दार्चुला कै पहिलो उच्च शिक्षा प्रदायक संस्थाका रुपमा परिचय बनाएको छ ।

विश्वविद्यालय अनुदान आयोग, सुदूरपश्चिम प्रदेश सरकार, सुदूरपश्चिम विश्वविद्यालयको सहयोग र समन्वयमा क्याम्पसले शैक्षिक तथा प्रशासनिक नीति निर्माण गर्ने, जनशक्ति व्यवस्थापन र परिचालन गर्ने तथा अन्य योजनाहरू सञ्चालन गर्दै आएको छ । क्याम्पसले विश्वविद्यालको परिचय स्थापित गर्न, विश्वविद्यालयले अगाडि सारेका कार्यक्रमहरु कार्यान्वयन गर्न र विश्वविद्यालयको नीतिअनुसार शैक्षिक एवम् प्रशासनिक कार्य सक्रियताका साथ गर्दै आएको छ । क्याम्पसको दैनिक शैक्षिक प्रशासनिक कार्यसम्पादनका लागि **यस क्याम्पसमा हाल १० जना उपप्राध्यापक, ६ जना सहायक प्राध्यापक, ८ जना शिक्षण सहायक, १ जना विषय प्रशिक्षक र ९ जना कर्मचारी गरी जम्मा ३४ जना रहेका छन् । शैक्षिक सत्र २०७९/०८० मा ४३४ जना छात्रा र १३७ जना छात्र गरी ५७१ जना अध्ययनरत छन् जसमध्ये स्नातक तहतर्फ शिक्षाशास्त्रमा २८१, मानविकीमा १२० र व्यवस्थापनमा ११५ तथा स्नातकोत्तर तहको शिक्षाशास्त्रमा १९ जना र मानविकीमा ३६ जना गरी जम्मा ५७१ जना विद्यार्थीहरु छन् ।**

क्याम्पसले प्रविधिमा आधारित शैक्षणिक विधि र योजनाबद्ध शिक्षणका माध्यमबाट गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रयास स्वरुप छ कक्षा कोठामा डिजिटल बोर्ड र सबै कक्षाहरुमा मल्टिमिडिया जडान गरी दैनिक शैक्षणिक कार्य सम्पादन गर्दै आएको छ । शिक्षकका लागि प्राध्यापकहरुलाई प्राथमिकताका साथ मल्टिमिडिया प्रोजेक्टरको उपोग गर्न लगाइएको छ भने प्रत्येक सेमेस्टरको सुरु मै अध्यापन योजना तयार पार्ने र कार्यसम्पादन भए नभएको समेत अनुगमन गर्ने गरिएको छ । प्राध्यापकहरुको स्वअध्ययन र शिक्षण कौशललाई प्रभावकारी बनाउन क्याम्पसले समय समयमा अभिमुखीकरण, सेमिनार, कार्यशाला, लघु अनुसन्धानका साथै अन्य आवश्यक शैक्षणिक कार्यहरु पनि सञ्चालन गर्दै आएको छ । विद्यार्थीहरुका लागि शैक्षिक कार्यक्रमअनुसार क्षेत्र भ्रमण, भौगोलिक भ्रमण, विद्यार्थीहरुका बीच र विद्यार्थी प्रशासनका बीचमा बैठक तथा छलफलहरु आयोजना गरिएका छन् । विद्यार्थीहरुको नेतृत्व विकास र राजनीतिक अधिकार सुनिश्चित गर्नका लागि विश्वविद्यालयको कार्यक्रमअनुसार स्वतन्त्र विद्यार्थी युनियनको नेतृत्व चयन प्रक्रिया शान्तिपूर्ण

रुपमा सम्पन्न गरिएको छ । सरोकारवाला निकायसँगको सहकार्यमा स्वास्थ्य, सामाजिक कार्य, ग्रामीण विकास र जनसङ्ख्या विषयका विद्यार्थीहरूलाई विषसम्बद्ध कार्यकलापमा सरिक गराइएको छ भने सम्बन्धित समुदायमा चेतना जगाउन तथा शिक्षण अभ्यास कार्यका लागि विद्यार्थीहरुलाई स्थानीय समुदाय तथा विद्यालयहरुमा पठाइने गरिएको छ । यसका लागि स्वतन्त्र विद्यार्थी युनियनले समेत कार्ययोजना बनाएर कार्यक्रम अगाडि बढाएको छ । स्ववियु कै सक्रियतामा छात्राहरुका लागि सिनेटरी प्याड र प्राथमिक उपचारका लागि प्राथमिक उपचार बक्सको समेत उपलब्ध गराइएको भने क्याम्पसमा अध्ययरत विद्यार्थीहरुका लागि लोक सेवा आयोगका कक्षाहरुका लागि क्याम्पसले भवन उपलब्ध गराएको छ ।

क्याम्पसले हालसम्म स्नातक र स्नातकोत्तर स्तरको करिब १५०० जनशक्ति उत्पादन गरेको छ । उत्पादित जनशक्तिमध्ये ८० प्रतिशतभन्दा बढीले सरकारी र गैरसकारी क्षेत्रमा सेवा सुरु गरेको कुरालाई क्याम्पसले उपलब्धीका रुपमा लिएको छ । आठौँ सेमेस्टरमा अध्ययनरत छात्राछात्रहरु नै शिक्षक सेवा आयोग लिएका परीक्षामा उत्तीर्ण भएर शिक्षण सेवा प्रवेश गरेको अवस्थालाई क्याम्पसले गौरवका रुपमा लिएको छ । क्याम्पसले प्रदान गर्ने छात्रवृत्तिलाई वैज्ञानिक हिसाबले वितरण गर्न छात्रवृत्ति व्यवस्थापन निर्देशिका २०७६ निर्माण गरी लागू गरेको छ भने प्रदेश सरकार र विश्वविद्यालय अनुदान आयोगले दिने शैक्षिकवृत्तिलाई प्राप्त गर्न क्याम्पसले सहजीकरण गर्दै आएको छ ।

शिक्षणलाई खोजमुलक र प्रविधि मैत्री बनाउन पुस्तकालयमा करिब १५ हजारको विभिन्न तह र विषयका पाठ्यांश तथा सन्दर्भ पुस्तकहरु राखिएको छ । शैक्षणिक तथा प्रशासनिक कार्यलाई चुस्त तथा प्रविधिसम्मत बनाउन ४५ थान कम्प्युटर, १७ थान ल्यापटप र १९ थान मल्टिमिडिया प्रोजेक्टरको प्रयोग गरिदै आएको छ । दैनिक प्रशासनिक र शैक्षणिक कार्यलाई सहजता दिन १४० जोडी ग्रिल बेन्च र तीनवटा स्मार्टबोर्डको व्यवस्था गरिएको छ । क्याम्पसका कामहरुलाई व्यवस्थित र अभिलेखीकरण गर्न सिसिटिभी क्यामेरा ९ थान, ई-हाजिरी मेसिन १ थान, क्यामेरा २ थान, युपिएस ब्याट्रियुक्त पावर रुम १, फ्याक्स मेसिन १ थान, इन्टरनेटको सुविधाका लागि फोन/इन्टरनेट २ लाइन, वाटर फिल्टर एक थान, फ्रिज एक थान र एक थान मोटरसाइकल पनि क्याम्पसको भौतिक सम्पत्तिको रुपमा राखिएको छ ।

यो वर्ष पूँजिगततर्फ ६६,२८,०००। स्वीकृत बजेटमध्ये जेठ मसान्तसम्म ४६,०३,९२८ रुपैयाँ ०५ पैसा खर्च भएको छ भने सञ्चालनतर्फ यो अवधिमा २,२७,९७,८९२ रुपैयाँ ०९ पैसा खर्च भएको छ । पूँजिगत र सञ्चानतर्फ गरी जेठ मसान्तसम्म २,७४,०१,८२० रुपैयाँ १४ पैसा खर्च भएको छ । सुदुरपश्चिम प्रदेश सरकारले क्याम्पसलाई नमूना क्याम्पसको रुपमा विकास गर्न छनौट गरेको छ । यसले क्याम्पसको चौतर्फि विकास गर्न महत्वपूर्ण टेवा पुग्ने विश्वास गरेका छौं । क्याम्पसले रणनीतिक गुरुयोजना (२०२२-२०२७) तयार गरी पूर्वाधार विकास, प्रभावकारी प्रशासन, आधुनिक शिक्षण विधि, गुणस्तरीय शिक्षा र आर्थिक सबलताको बलको आधारमा क्याम्पसमा सुधार गर्ने योजना अगाडि बढाएको छ । यसै कार्यक्रम अन्तर्गत क्याम्पसको नयाँ भवन समेत निर्माण सम्पन्न गरिएको छ । पछिल्ला समय विद्यार्थीहरुको घट्दो भर्ना क्रम र बढ्दो ड्रप आउटलाई रोक्न क्याम्पसले प्रभावकारी रणनीति अबलम्बन गर्नु पर्ने अवस्था सिर्जना भएको छ ।

## १. पृष्ठभूमि (Background)

जिल्लाको तत्कालीन राजनीतिक नेतृत्वको अगुवाइमा वि.स. २०५९ मा स्थापित यस क्याम्पसले स्थापनाको एक्काइसौँ वर्षमा प्रवेश गरेको छ । भौतिक पूर्वाधारको विकास पर्याप्त हुन नसकेको तथा पर्याप्त स्रोत र साधनको अभाव रहँदा रहँदै पनि दुई दशकदेखि जिल्लामा उच्च शिक्षा प्रदायक संस्थाका रुपमा दार्चुला बहुमुखी क्याम्पसको नेतृत्वदायी भूमिकाका पछाडि दार्चुलाका राजनीतिक

दलसम्बद्ध नेताहरु, समाजसेवी, शिक्षाप्रेमी, अभिभाव, व्यापारी तथा आमदार्चुलाबासीको अतुलनीय सहयोग रहेको छ । एकातिर भौतिक पूर्वाधारको संरचना र सेवाहरु नै उपलब्ध नभएको अवस्था र अर्कातिर विश्वग्रामको अवधारणाका बीच जिल्लामा उच्च शिक्षासम्बद्ध कार्यक्रम सञ्चालन र सम्पादनमा थुप्रै चुनौति र समस्याहरु देखिएका छन् । तमाम चुनौति र समस्याहरुलाई बौद्धिक र सृजनात्मक रुपमा व्यवस्थित गर्न, ती चुनौतिको समाधान गर्न जिल्लाको राजनीतिक, सामाजिक, शैक्षिक र प्रशासनिक नेतृत्वको महत्वपूर्ण सहयोग रहेको छ । स्थापना कालमा क्याम्पसले त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन स्नातक क्याम्पस खलंगादेखि सुदूरपश्चिम विश्वविद्यालयको आंगिक क्याम्पसमा स्थापित हुँदासम्म थुप्रै उतारचढावहरु ब्यहोर्नु परेको छ । सुरुमा शिक्षाशास्त्र संकाय सञ्चालन गर्न सामुदायिक क्याम्पसका रुपमा स्थापित गरिएको दार्चुला बहुमुखी क्याम्पसले शै.स. २०७४/०७५ सम्म त्रिभुवन विश्वविद्यालयका कार्यक्रमहरु सफलतापूर्वक सञ्चालन गरेको थियो । शै.स. २०७५/०७६ देखि सुदूरपश्चिम विश्वविद्यालयको आङ्गिक क्याम्पसको रुपमा समायोजन भई सकेपछि हाल शिक्षाशास्त्र र समाजशास्त्र तथा मानविकी सांकायअन्तर्गत स्नातकोत्तर तहका कार्यक्रमहरु सञ्चालनमा छन् ।

क्याम्पस स्थापनाका प्रमुख सुत्रधार तत्कालीन जिविस सभापति तथा पूर्व संघीय मामिला तथा स्थानीय प्रशासन मन्त्री माननीय श्री गणेश सिह ठगुन्ना ज्युका साथै संस्थापक महानुभावहरु तथा वर्तमान प्रतिनिधि सभा सदस्य तथा पूर्व  उद्योग तथा वाणिज्य मन्त्री माननीय श्री दिलेन्द्र प्रसाद बडू, संस्थापक अध्यक्ष श्री दयाकृष्ण पन्त, संस्थापकहरु श्री इन्द्र बहादुर बम, श्री वीरबहादुर ठगुन्ना, श्री रामदत्त जोशी, श्री महादेव बडू, स्व.श्री प्रताप राम लोहार, श्री मानबहादुर चन्द, श्री माधवप्रसाद भट्ट लगायत सम्पूर्ण शिक्षाप्रेमी, बुद्धिजीवी, राजनीतिज्ञ तथा समाजसेवीहरुको क्याम्पसलाई यो अवस्थासम्म ल्याई पुर्‍याउन विशिष्ठ योगदान रहेको छ । क्याम्पसको शैक्षिक प्रशासनिक जग बसाल्न र विकास गर्न पूर्व क्याम्पस प्रमुखहरु श्री इन्द्रराज बडू र श्री माधवप्रसाद अवस्थीका साथै सहायक प्राध्यापक श्री भरत बहादुर कुँवर ज्यूको पनि योगदानलाई स्मरण गर्नै पर्छ । उहाँहरुकै अथक प्रयास, परिश्रम, सद्भाव र  सहयोगका कारण क्याम्पस सुदूरपश्चिम विश्वविद्यालयको आङ्गिक क्याम्पसका रुपमा जिल्ला कै अब्बल क्याम्पसका रुपमा सञ्चालनमा रहेकोप्रति क्याम्पस परिवार गर्व गर्दछ ।

वर्तमान विश्वपरिवेशअनुकूल विज्ञानप्रविधिमैत्री विश्वपरिदृष्यमा प्रतिश्पर्धा गर्न सक्ने प्रविधिमैत्री, लगनशील, ईमान्दार, दक्ष र अनुशासित जनशक्तिको उत्पादन गर्न सुदूरपश्चिम विश्वविद्यलायले सञ्चाल गरेका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन क्याम्पस प्रतिबद्ध रहेको छ । मौजुदा अवस्थामा उच्च तहमा गुणात्मक शिक्षा प्रदान गर्न पूर्ण सफल रहेको कुरा जिल्लाका विभिन्न सरकारी, गैरसरकारी र सामुदायिक क्षेत्रमा प्राज्ञिक प्रतिनिधित्व गर्न सफल भएकोबाट प्रमाणित हुन्छ । सुदूरपश्चिम विश्वविद्यालयमा समायोजन भएपछिको सङ्क्रमणकालीन समयमा क्याम्पसलाई उत्तिकै उचाइका साथ अघि बढाउनु पर्ने समस्यालाई सबैको सहयोगबाट समाधान गर्न सफल भएका छौं । विश्वविद्यालयको प्रशासनिक क्षेत्रको पूर्णताले पछिल्लो समय शैक्षिक प्रशासनिक क्षेत्रका साथै पाठ्यक्रम, पाठ्यांश निर्माण, परीक्षा सञ्चालन तथा शैक्षिक कार्यक्रममा प्रभावकारिता ल्याएको अनुभव गरेका छौं ।

विश्वविद्यालयले निर्धारण गरेका शैक्षिक कार्यक्रमहरुलाई सञ्चार र प्रविधिको बढ्दो आधुनिकीकरणसँगै विद्यार्थीको रुचि, चाहना र क्षमताअनुरुप सञ्चालन गर्ने सक्षम हुने विश्वासमा छौँ । विश्व परिदृष्यामा देखिएको प्रविधि सम्बद्ध विषयहरु, साधारण शिक्षामा प्रविधिको उपयोग र उपयोगितासम्बद्ध विषयवस्तु अध्यापन गराउन नसकिए पनि साधारण शिक्षामा मौजुदा प्रविधिको प्रयोग गर्दै दार्चुलाका युवा विद्यार्थीहरुको उच्च शिक्षाको अभिलाषा पूरा गर्न बी.एड्. बी.बी.एस्., एम्.एड्. र एम्.ए. कार्यक्रमले सहयोग गर्ने छ । पर्याप्त भौतिक संरचना, जनशक्ति, शैक्षिक सामग्रीको अभावमा समेत क्याम्पसले दार्चुला जिल्लाको उच्च शिक्षाको क्षेत्रको शैक्षिक क्षेत्रमा

नेतृत्वदायी भूमिका निर्वाह गर्दै करिब एक हजार पाँच सय विद्यार्थीहरु स्नातक तह र स्नात्तोकोत्तर तह उत्तीर्ण गराएकोप्रति गर्व गरेको छ ।

## २. यस क्याम्पसमा शैक्षिक सत्र २०७९/०८० भित्र भए गरेका विभिन्न गतिविधिहरु

शैक्षिक सत्र २०७९/०८० मा नियमित शैक्षिक प्रशासनिक गतिविधिहरुसँगै भवनमा टायल राख्ने, नयाँ भवन निर्माण तथा स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन जस्ता कार्यहरु गरिएका छन् । यस शैक्षिक सत्रमा भए गरेका गतिविधिहरुलाई देहायअनुसार प्रस्तुत गरिएको छ;

१. खोज, अनुसन्धान र विश्वविद्यालयको शिक्षण कार्यलाई सहयोग गर्ने गरी करिब १४ सय थप पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तकहरु खरिद गरी पुस्तकालयमा दाखिला गर्ने काम गरिएको छ ।
२. क्याम्पसको भौतिक संरचनालाई मर्मत कार्यअन्तर्गत टायल राख्ने र दुई तले पुस्तकालय भवन निर्माण कार्य सम्पन्न गरिएको छ ।
३. अध्ययन अध्यापनलाई प्रविधियुक्त र प्रभावकारी बनाउन थप तीन स्मार्ट बोर्ड खरिद गरी कक्षा कोठामा जडान गर्ने काम सम्पन्न गरिएको छ ।
४. विश्वविद्यालयको कार्यक्रमअनुसार स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न गरिएको छ ।
५. प्राध्यापक, शिक्षक तथा विद्यार्थीको स्वास्थ्यलाई मध्यनजर गर्दै वाटर डिस्पेन्सर, फिल्टर र फ्रिज खरिद गरि प्रयोगमा ल्याइएको छ ।
६. दैनिक कार्य सम्पादनलाई सहज बनाउन प्लास्टिकका कुर्सि, अल्मुनियमको सिडि, फलामको र्‍याक, थर्मस, गिलास तथा कुर्सिहरु खरिद गरी प्रयोगमा ल्याइएको छ ।
७. प्राध्यपाकहरुको शोध अनुसन्धानमा सहयोग पुग्ने गरी अनुसन्धान व्यवस्थापन समितिको तर्फबाट प्राज्ञिक लेखनसम्बन्धी कार्यशाला गोष्ठी सञ्चालन गरिएको छ ।
८. विभिन्न निकायबाट प्राप्त हुने छात्रवृत्तिलाई तोकिएको मापदण्डअनुसार वितरण गरिएको छ ।
९. प्राध्यापक तथा कर्मचारीहरुको वृत्तिविकास र सेवासुविधाका लागि क्याम्पसको आन्तरिक श्रोतको उपयोग गर्नुका साथै विश्वविद्यालयसँग आवश्यक पहल गरिएको छ ।
१०. विश्वविद्यालयमा रहेको सेमेस्टर प्रणालीको बारेमा विद्यार्थीहरुलाई जानकारी दिन विषयगत रुपमा परामर्श कक्षाहरु लिइएको छ ।
११. स्वतन्त्र विद्यार्थी युनियनको अग्रसरतामा छात्राहरुका लागि सिनेटरी प्याड तथा प्राथमिक उपचारका लागि प्राथमिक उपचार बक्सको व्यवस्था गरिएको छ ।
१२. विश्वविद्यालय अनुदान आयोग, प्रदेश सरकार तथा विभिन्न निकायहरुले उपलब्ध गराउने छात्रवृत्तिसम्म विद्यार्थीहरुको पहुँच स्थापित गर्न क्याम्पसले सहयोग गने गरेको छ ।

## ३. प्राज्ञिक/शैक्षिक प्रगति (Academic Progress) :

दार्चुला बहुमुखी क्याम्पसको शैक्षिक प्रगतिलाई विद्यार्थी भर्ना तथा परीक्षाफलको आधारमा निम्नानुसार विश्लेषण गरिएको छ ।

## ३.१. भर्ना प्रवृति विश्लेषण (Enrollment Trend Analysis):

### ३.१.१ शैक्षिक सत्र २०७९/०८० मा पहिलो सेमेस्टरको विद्यार्थी विवरण यसप्रकार रहेको छ :

| क्र.स. | कार्यक्रम | महिला | पुरुष | जनजाति | दलित | मधेसी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बी.एड्. | ७५ | ६ | - | ८ | - | ८१ |
| २ | बी.बी.एस्. | २६ | ८ | - | १ | - | ३४ |
| ३ | बी.ए. | १३ | ३ | - | १ | - | १६ |
| ४ | एम्.एड्. | ८ | २ | - | - | - | १० |
| ५ | एम्.ए. | ११ | - | १ | २ | - | ११ |
| | जम्मा | १३३ | १९ | १ | १२ | - | १५२ |




शै.स. २०७९/०८० को नयाँ कार्यक्रममा ८१ स्नातक र १० स्नातकोत्तरमा गरी ९१ जना विद्यार्थी शिक्षाशास्त्रमा भर्ना भएका छन् । जसमध्ये ८३ जना छात्रा र ८ जना छात्रहरु रहेका छन् । मानविकीतर्फ भने स्नातक तहमा १३ जना छात्रा र ३ जना छात्र गरी १६ तथा स्नातकोत्तर तहमा ११ जना छात्र मात्र भर्ना भएका छन् । व्यवस्थापन सङ्कायमा ३४ जना विद्यार्थीहरु नयाँ भर्ना भएका छन् । यो सङ्कायमा २६ जना छात्रा, २८ जना छात्र भर्ना भएका छन् । यो वर्ष स्नातक तहमा १० जना दलित र १ जना जनजाति समुदायका विद्यार्थी रहेका छन् । यस वर्षको कार्यक्रमगत विद्यार्थी विवरण यस प्रकार रहेको छ;

| क.स. | कार्यक्रम | छात्रा | छात्र | दलित | जनजाति | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | शिक्षाशास्त्र सङ्काय स्नातक तह | २३३ | ४८ | १६ | २ | २८१ |
| २ | व्यवस्थापन सङ्काय स्नातक तह | ७७ | ३८ | ४ | ३ | ११५ |
| ३ | समाजशास्त्र तथा मानविकी सङ्काय स्नातक तह | ९८ | २२ | ५ | १ | १२० |
| ४ | शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह | १३ | ६ | | | १९ |
| ५ | समाजशास्त्र तथा मानविकी सङ्काय स्नातकेत्तर तह | १३ | २३ | | | ३६ |
| जम्मा | | ४३४ | १३७ | २५ | ६ | ५७१ |

यस शैक्षिक सत्रमा शिक्षाशास्त्र सङ्काय स्नातकतर्फ २८१ र स्नातकोत्तरतर्फ १९ जना गरी ३०० जना विद्यार्थी अध्ययनरत छन् भने समाजशास्त्र तथा मानविकीय सङ्काय स्नातकतर्फ १२० र स्नातकोत्तरतर्फ ३६ जना गरी १५६ जना अध्ययनरत छन् । व्यवस्थापन तर्फ भने ८७ जना सेमेस्टर प्रणालि र २८ जना वार्षिक परीक्षा प्रणालिअन्तर्गत गरी ११५ जना स्नातक तहमा अध्ययनरत छन् । यस शैक्षिक सत्रमा चालु रहेका विभिन्न सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरुको विवरण निम्नानुसार छ;

| क.स. | विवरण | विद्यार्थी सङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जनजाति | दलित | जम्मा |
| १ | बि.एड्. प्रथम सेमेस्टर | ७५ | ६ | | ८ | ८१ |
| २ | बि.एड्. तेस्रो सेमेस्टर | ३७ | १२ | | १ | ४९ |
| ३ | बि.एड्. चौथो सेमेस्टर | ५२ | ७ | १ | | ५९ |
| ४ | बि.एड्. छैठौं सेमेस्टर | ३४ | ८ | | ४ | ४२ |
| ५ | बि.एड्. आठौं सेमेस्टर | ३५ | १५ | १ | ३ | ५० |
| ६ | बी.बी.एस्. प्रथम सेमेस्टर | २६ | ८ | | १ | ३४ |
| ७ | बी.बी.एस्. तेस्रो सेमेस्टर | १५ | १६ | | १ | ३१ |
| ८ | बी.बी.एस्. चौथो सेमेस्टर | १५ | ७ | २ | २ | २२ |
| ९ | बी.बी.एस्. चतुर्थ वर्ष | २१ | ७ | १ | | २८ |
| १० | बी.ए. प्रथम सेमेस्टर | १३ | ३ | | १ | १६ |
| ११ | बी.ए. तेस्रो सेमेस्टर | २४ | ४ | | | २८ |
| १२ | बी.ए. चौथो सेमेस्टर | १७ | ७ | | ३ | २४ |
| १३ | बी.ए. छैठौं सेमेस्टर | २७ | ४ | | | ३१ |
| १४ | बी.ए. आठौं सेमेस्टर | १७ | ४ | १ | १ | २१ |
| १५ | एम.एड्. प्रथम सेमेस्टर | ८ | २ | | | १० |
| १६ | एम.एड्. तेस्रो सेमेस्टर | ५ | ४ | | | ९ |
| १७ | एम्.ए. प्रथम सेमेस्टर | | ११ | | | ११ |
| १८ | एम्.ए. तृतीय सेमेस्टर | १३ | १२ | | | २५ |
| जम्मा | | ४३४ | १३७ | ६ | २५ | ५७१ |

### ३.१.२ शैक्षिक सत्र २०७८/०७९:

शैक्षिक सत्र २०७८/०७९ मा विभिन्न सेमेस्टरहरुमा ५८९ जना विद्यार्थीहरु अध्ययनरत छन् । छात्राहरुको सङ्ख्या छात्रहरुको तुलनामा दोब्बरभन्दा बढि छन् । जम्मा विद्यार्थीमध्ये छात्रहरुको सङ्ख्या १८३ छ भने छात्राहरु ४०० छन् । यो वर्ष विभिन्न सेमेस्टरहरुमा ७ जना जनजाति र २० दलित विद्यार्थीहरु अध्ययनरत छन् । सङ्कायगत तुलना गर्ने हो भने सबैभन्दा बढी विद्यार्थी शिक्षाशास्त्रमा छन् । शिक्षाशास्त्रको स्नातक तहमा १८४ छात्रा र ६३ छात्र गरी २४७ जना अध्ययनरत छन् भने १५ छात्रा र ९ छात्र गरी २४ जना स्नातकोत्तर तहमा अध्ययनरत छन् । विद्यार्थी सङ्ख्याका हिसाबले मानविकी सङ्काय दोस्रो नम्बरमा पर्दछ । शिक्षाशास्त्रमा जम्मा विद्यार्थी २४७ हुँदा मानविकीमा १८७ विद्यार्थीहरु छन् । मानविकीको स्नातक तहमा १०४ छात्रा र ३२ छात्र गरी १३६ र स्नातकोत्तर तहमा १७ छात्रा र ३४ छात्र गरी ५१ जना अध्ययरत छन् । अरु सङ्कायमा छात्रहरुको तुलनामा छात्राहरुको सङ्ख्या बढी छ भने मानविकीमा छात्राहरु छात्रहरुको तुलनामा कम

छन् । व्यवस्थापन सङ्कायतिर भने ८० छात्रा र ५१ छात्र गरी १३१ जना अध्ययरत छन् । सङ्कायगत रुपमा स्नातक तहका विद्यार्थीहरुको सङ्ख्यालाई तलको स्तम्भ चित्रमा देखाइएको छः

शैक्षिक सत्र २०७८/०७९ सालमा विभिन्न कार्यक्रममा अध्ययनरत विद्यार्थीहरुको विवरण :

| क्र.स. | कार्यक्रम | विद्यार्थी सङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जनजाति | दलित | जम्मा |
| १ | शिक्षाशास्त्र सङ्काय स्नातक तह | १६२ | ५५ | १ | १२ | २१७ |
| २ | व्यवस्थापन सङ्काय स्नातक तह | ८० | ५१ | ३ | ३ | १३१ |
| ३ | मानविकी सङ्काय स्नातक तह | १०४ | ३२ | ३ | ५ | १३६ |
| ४ | शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह | १५ | ९ | | | २४ |
| ५ | मानविकी सङ्काय स्नातकोत्तर तह | १७ | ३४ | | | ५१ |
| जम्मा | | ३७८ | १८१ | ७ | २० | ५५९ |

शैक्षिक सत्र २०७८/०७९ मा स्नातक तथा स्नातकोत्तर तहमा नयाँ भर्ना हुनुभन्दा पहिले जम्मा ५५९ जना विद्यार्थीहरु क्याम्पसमा अध्ययनरत थिए । तिनीहरुमध्ये १८१ जना छात्र र ३७८ जना छात्रा रहेका थिए । नयाँ भर्ना हुनुभन्दा पहिले स्नातक तहमा ४८४ र स्नातकोत्तरतर्फ ७५ जना विद्यार्थी अध्ययनरत थिए । शिक्षाशास्त्रको स्नातक तर्फ २१७ र स्नातकोत्तरतर्फ २४ जना तथा मानविकीको स्नातकतर्फ १३६ र स्नातकोत्तरतर्फ ५१ जना विद्यार्थी रहेका थिए । व्यवस्थापन सङ्कायमा भने ५१ जना छात्र र ८० जना छात्रा गरी १३१ जना विद्यार्थीहरु स्नातक तहमा रहेका थिए । विद्यार्थीहरुको विवरणलाई देहायको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।




### ३.१.३ शैक्षिक सत्रः २०७७/०७८

शै.स. २०७७/०७८ मा शिक्षाशास्त्रमा ३३५ जना विद्यार्थीहरु अध्ययनरत छन् जसमध्ये २२९ जना त महिला मात्रै छन् । यो वर्ष क्याम्पसमा १०६ जना पुरुष विद्यार्थी अध्ययनरत छन् । यी मध्ये १ जना जनजाति र ११ जना दलित विद्यार्थीहरु छन् । व्यवस्थापन सङ्कायमा पनि महिलाहरुको सङ्ख्या बढि देखिन्छ । व्यवस्थापनमा ६५ जनामध्ये १९ जना छात्राहरु मात्रै अध्ययनरत छन् ।

छात्रहरु ४६ छन् भने यो वर्ष व्यवस्थापनमा १ जना जनजाति विद्यार्थीहरु छन् । गत वर्षको तुलनामा यो वर्ष मानविकी संकायमा विद्यार्थी कम भएको देखिन्छ । गते वर्ष मानवीकी सङ्कायमा ११६ जना विद्यार्थीहरु भर्ना भएका थिए भने यो वर्ष ८३ जना मात्र अध्ययनरत छन् । मानवीकी सङ्कायमा पनि महिलाहरुको उपस्थिति बढि छ । ८३ मध्ये ६३ जना महिला मात्रै छन् भने २० जना मात्रै पुरुष छन् । मानवीकी संकायमा १ जना जनजाति विद्यार्थी अध्ययनरत छन् । सबै सङ्कायको स्नातक तहमा २९० विद्यार्थी अध्ययनरत छन् जसमध्ये २२० जना महिला मात्रै छन् भने यो वर्ष ७० जना पुरुष, १ जना जनजाति र ११ जना दलित विद्यार्थी अध्ययनरत छन् ।

| क्र.स. | कार्यक्रम | महिला | पुरुष | जनजाति | दलित | मधेसी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बी.एड्. | १११ | ३१ | - | १० | - | १४२ |
| २ | बी.बी.एस्. | ४६ | १९ | १ | - | - | ६५ |
| ३ | बी.ए. | ६३ | २० | - | १ | - | ८३ |
| ४ | एम्.एड्. | ४ | १ | - | - | - | ५ |
| ५ | एम्.ए. | ५ | ३५ | - | - | - | ४० |
| | जम्मा | २२९ | १०६ | १ | ११ | - | ३३५ |

शै.स. २०७७/०७८ मा स्नातकोत्तर तहमा ४५ जना विद्यार्थी अध्ययनरत छन् । शिक्षाशास्त्रतर्फ ५ र मानवीकीतर्फ ४५ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन् । शिक्षाशास्त्रतर्फ १ मात्रै जना मात्रै पुरुष छन् भने मानविकीतर्फ ३५ जना पुरुष अध्ययरत छन् । ४ शिक्षातर्फ र ५ जना मानवीकी गरी ९ जना महिलाहरु स्नातकोत्तर तहमा अध्ययतरत छन् । दुबै तहको विद्यार्थी संख्या हेर्दा क्याम्पसमा अध्ययन गर्ने ३३५ जनामध्ये २२९ जना महिलाहरु अध्ययनरत छन् भने १०६ जना पुरुषहरु अध्ययनरत छन् । यो वर्ष १ जना जनजाति विद्यार्थीहरु अध्ययनरत छन् भने ११ जना जनजाति विद्यार्थीहरु क्याम्पसमा अध्ययनरत छन् ।

यो शैक्षिक सत्रको वर्ष र सेमेस्टरगत विद्यार्थीवितरण यसप्रकार रहेको छः

| क्र.स. | विवरण | विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जनजाति | दलित | जम्मा |
| १ | बि.एड्. प्रथम सेमेस्टर | ६३ | १२ | | ७ | ७५ |
| २ | बि.एड्. तृतीय सेमेस्टर | ४८ | १९ | | ३ | ६७ |
| ३ | बि.एड्. तृतीय वर्ष | २४ | ६ | १ | | ३० |
| ४ | बि.एड्. चतुर्थ वर्ष | २६ | ९ | | १ | ३५ |
| ५ | बी.बी.एस्. प्रथम वर्ष | २४ | १३ | १ | | ३७ |
| ६ | बी.बी.एस्. द्वितीय वर्ष | २२ | ६ | | | २८ |
| ७ | बी.बी.एस्. तृतीय वर्ष | ६ | ६ | १ | | १२ |
| ८ | बी.बी.एस्. चतुर्थ वर्ष | २ | १० | | | १२ |
| ९ | बी.ए. प्रथम सेमेस्टर | ४२ | १४ | | १ | ५६ |
| १० | बी.ए. तृतीय सेमेस्टर | २१ | ६ | १ | १ | २७ |
| ११ | बी.ए. तृतीय वर्ष | १७ | १२ | | | २९ |
| १२ | एम.एड्. प्रथम सेमेस्टर | | | | | |
| १३ | एम.एड्. द्वितीय सेमेस्टर | ५ | १ | | | ६ |
| १४ | एम्.ए. प्रथम सेमेस्टर | २ | १६ | | | १८ |
| १५ | एम्.ए. द्वितीय सेमेस्टर | ४ | २० | | | २४ |

| जम्मा | ३०६ | १५० | ४ | १३ | ४५६ |
|---|---|---|---|---|---|

शैक्षिक सत्र २०७७/०७८ मा विभिन्न सेमेस्टरहरुमा ४५६ जना विद्यार्थीहरु अध्ययनरत छन् । यीमध्ये छात्राहरुको संख्या छात्रहरुको भन्दा दोब्बर बढि छ । १५० मात्र छात्र अध्ययनरत रहेको यो वर्ष छात्राहरु भने ३०६ जना रहेका छन् । यो वर्ष विभिन्न सेमेस्टरहरुमा ४ जना जनजाति विद्यार्थीहरु अध्ययनरत छन् भने १ जना दलित विद्यार्थीहरु अध्ययरत छन् ।

### ३.१.४ शैक्षिक सत्र: २०७६/०७७

| क्र.स. | कार्यक्रम | महिला | पुरुष | जनजाति | दलित | मधेसी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बी.एड्. | १८५ | ५२ | ३ | १२ | - | २३७ |
| २ | बी.बी.एस्. | ७५ | ३२ | २ | - | - | १०७ |
| ३ | बी.ए. | ८८ | २८ | ४ | ४ | - | ११६ |
| ४ | एम्.एड्. | ११ | १२ | - | - | - | २३ |
| ५ | एम्.ए. | १० | ४३ | - | - | - | ५३ |
| जम्मा | | ३६९ | १६७ | ९ | १७ | - | ५३६ |




शै.स. २०७६/०७७ मा शिक्षाशास्त्रमा २३७ जना विद्यार्थीहरु अध्ययनरत छन् जसमध्ये १८५ जना त महिला मात्रै छन् । यो वर्ष क्याम्पसमा ५२ पुरुष विद्यार्थी अध्ययनरत छन् । यी मध्ये ३ जना जनजाति र १२ जना दलित विद्यार्थीहरु छन् । व्यवस्थापन सङ्कायमा पनि महिलाहरुको सङ्ख्या बढि देखिन्छ । व्यवस्थापनमा १०७ जनामध्ये ७५ जना छात्राहरु मात्रै अध्ययनरत छन् । छात्रहरु ३२ छन् भने यो वर्ष व्यवस्थापनमा २ जना जनजाति विद्यार्थीहरु छन् । मानवीकी संकायमा पनि विद्यार्थीहरुको बढ्दो रुचि देखिन्छ । यो वर्ष मानवीकी संकायमा ११६ जना विद्यार्थीहरु अध्ययनरत छन् । अन्य संकाय जस्तै मानवीकी सङ्कायमा पनि महिलाहरुको उपस्थिति बढि छ । ११६ मध्ये ८८ जना महिला मात्रै छन् भने २८ जना मात्रै पुरुष छन् । मानवीकी सङ्कायमा ४ जना जनजाति र ४ जना दलित विद्यार्थीहरु पनि अध्ययनरत छन् । सबै सङ्कायको स्नातक तहमा ४६० विद्यार्थी अध्ययनरत छन् जसमध्ये ३४८ जना महिला मात्रै छन् भने यो वर्ष ११२ जना पुरुष, ९ जना जनजाति र १६ जना दलित विद्यार्थी अध्ययनरत छन् ।

शै.स. २०७६/०७७ मा स्नातकोत्तर तहमा ७६ जना विद्यार्थी अध्ययनरत छन् । शिक्षाशास्त्रतर्फ २३ र मानवीकीतर्फ ५५ जना विद्यार्थीहरु अध्ययनर रहेको यस क्याम्पसमा स्नातकोत्तर तहमा भने महिलाहरुको भन्दा पुरुषहरुको सङ्ख्या बढि देखिन्छ । शिक्षाशास्त्रतर्फ १२ जना र मानवीकीतर्फ ४३ गरी ५५ जना पुरुषहरु स्नातकोत्तर तहमा अध्ययनरत छन् भने ११ शिक्षातर्फ र १० जना मानवीकी गरी २१ जना महिलाहरु अध्ययतरत छन् । यो शैक्षिक सत्रमा क्याम्पसमा अध्ययन गर्ने ५३६ जनामध्ये ३६९ जना महिलाहरु अध्ययनरत छन् भने १६७ जना पुरुषहरु अध्ययनरत छन् । यो वर्ष ९ जना जनजाति विद्यार्थीहरु अध्ययनरत छन् भने १७ जना जनजाति विद्यार्थीहरु क्याम्पसमा अध्ययनरत छन् ।

यो शैक्षिक सत्रको वर्ष र सेमेस्टरगत विद्यार्थीवितरण यसप्रकार रहेको छः

| क.स. | विवरण | विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जनजाति | दलित | जम्मा |
| १ | बि.एड्. प्रथम सेमेस्टर | ६९ | १५ | १ | ८ | ८४ |
| २ | बि.एड्. तृतीय सेमेस्टर | ५५ | २१ | १ | ३ | ७६ |
| ३ | बि.एड्. तृतीय वर्ष | ३१ | ७ | १ | | ३८ |
| ४ | बि.एड्. चतुर्थ वर्ष | ३० | ९ | | १ | ३९ |
| ५ | बी.बी.एस्. प्रथम वर्ष | २५ | १३ | १ | | ३८ |
| ६ | बी.बी.एस्. द्वितीय वर्ष | २४ | ७ | | | ३१ |
| ७ | बी.बी.एस्. तृतीय वर्ष | १० | ९ | १ | | १९ |
| ८ | बी.बी.एस्. चतुर्थ वर्ष | १६ | ३ | | | १९ |
| ९ | बी.ए. प्रथम सेमेस्टर | ४४ | १३ | २ | १ | ५७ |
| १० | बी.ए. तृतीय सेमेस्टर | २६ | ५ | २ | २ | ३१ |
| ११ | बी.ए. तृतीय वर्ष | १८ | १० | | १ | २८ |
| १२ | एम.एड्. प्रथम सेमेस्टर | ५ | ७ | | | १२ |
| १३ | एम.एड्. द्वितीय सेमेस्टर | ७ | ४ | | १ | ११ |
| १४ | एम्.ए. प्रथम सेमेस्टर | ६ | १८ | | | २५ |
| १५ | एम्.ए. द्वितीय सेमेस्टर | ४ | २४ | | | २८ |
| जम्मा | | ३६९ | १६७ | ९ | १७ | ५३६ |

यसरी शैक्षिक सत्र २०७६ मा ५३६ जना जम्मा विद्यार्थीहरुमध्ये छात्राहरुको संख्या छात्रहरुको भन्दा झण्डै दोब्बर बढि छ । १६७ मात्र छात्र अध्ययनरत रहेको यो वर्ष छात्राहरु भने ३६९ जना रहेका छन् । यो वर्ष ९ जना जनजाति विद्यार्थीहरु अध्ययनरत छन् भने १७ जना दलित विद्यार्थीहरु अध्ययरत छन् ।

### ३.१.५ शैक्षिक सत्रः २०७५/०७६

| क.स. | कार्यक्रम | महिला | पुरुष | जनजाति | दलित | मधेसी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बी.एड्. | १२१ | ३९ | १ | ४ | | १६० |
| २ | बी.बी.एस्. | ४४ | ३९ | | १ | | ८३ |
| ३ | बी.ए. | ७४ | ३७ | १ | ३ | | १११ |
| | जम्मा | २३९ | ११५ | २ | ८ | | ३५४ |




शैक्षिक सत्र २०७५/०७६ मा क्याम्पसमा ३५४ विद्यार्थीहरु क्याम्पसमा अध्ययनरत थिए। छात्रहरुको तुलनामा छात्राहरु नै बढि रहेको यो वर्ष जनजाति २ र दलित विद्यार्थी ८ जना मात्रै देखिन्छन्। स्नातक तहको शिक्षाशास्त्रमा १२१ महिला र ३९ जना पुरुष गरी १६० जना विद्यार्थीहरु अध्ययनरत छन् भने व्यवस्थापन संकायतर्फ ५५ जना छात्रा र ३९ जना छात्र गरी ८३ जना छात्रहरु अध्ययनरत छन्। मानवीकी संकायमा भने ७४ जना छात्रा र ३७ जना छात्रहरु गरी १११ जना विद्यार्थी अध्ययनरत छन्। यो वर्ष सबैभन्दा बढि शिक्षाशास्त्र संकायमा १६० र सबैभन्दा कम व्यवस्थापन संकायमा ८३ जना विद्यार्थी अध्ययनरत देखिन्छन्। मानवीकी संकायमा भने १११ जना विद्यार्थीहरु अध्ययनरत छन्।

यो वर्षको तह र वर्षगत विद्यार्थी विवरणलाई देहाय अनुसार देखाउन सकिन्छ:

| क्र.स. | विवरण | विद्यार्थी संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जनजाति | दलित | जम्मा |
| १ | बि.एड्. प्रथम सेमेस्टर | २३ | ६३ | १ | ३ | ८६ |
| २ | बि.एड्. द्वितीय वर्ष | १० | ३६ | | १ | ४६ |
| ३ | बि.एड्. तृतीय वर्ष | ६ | २२ | | | २८ |
| ४ | बि.बि.एस्. प्रथम वर्ष | ७ | २१ | | | ३१ |
| ५ | बि.बि.एस्. द्वितीय वर्ष | १७ | ४ | | | २१ |
| ६ | बि.बि.एस्. तृतीय वर्ष | १० | ९ | | १ | १९ |
| ७ | बि.बि.एस्. चतुर्थ वर्ष | ५ | ७ | | | १२ |
| ८ | बि.ए. प्रथम सेमेस्टर | ७ | २८ | १ | २ | ३५ |
| ९ | बि.ए. द्वितीय वर्ष | २१ | ३४ | | १ | ५५ |
| १० | बि.ए. तृतीय वर्ष | ९ | १२ | | | २१ |
| जम्मा | | ११५ | २३९ | २ | ८ | ३५४ |

जनजाति विद्यार्थीहरुको संख्या २ मात्रै रहेको यो शैक्षिक सत्रमा दलित विद्यार्थी संख्या पनि ८ मात्रै रहेको छ । यो वर्ष सबैभन्दा बढि विद्यार्थी बि.एड्. प्रथम सेमेस्टरमा (८६ जना) रहेका छन् भने सबैभन्दा कम विद्यार्थी बि.बि.एस्. चतुर्थ वर्षमा (१२ जना) अध्ययनरत देखिन्छन् । सुदूरपश्चिम विश्वविद्यालयमा क्याम्पस समायोजन भएपछि विद्यार्थी घट्ने हुन् कि भन्ने पूर्वाकलनलाई यो तथ्यांकले गलत सावित गरिदिएको छ । सुदूरपश्चिमाञ्चल विश्वविद्यालयका कक्षाहरु सेमेस्टर प्रणालीमा सञ्चालन हुने र विद्यार्थीहरुले नियिमित उपस्थिति जनाउनु पर्ने तथा उच्च शिक्षा आर्जन गर्न खोज्ने किशोरकिशोरी तथा युवायुवती वार्षिक प्रणालीमा अभ्यस्त भएको हुँदा प्रथम वर्षको प्रथम सेमेस्टरमा विद्यार्थी कम भर्ना हुने चर्चा थियो यद्यपित बि.एड्.तर्फ ८६ र बि.ए.तर्फ ३५ जना गरी सेमेस्टर प्रणालीमा १२१ जना तथा बि.बि.एस्. वार्षिक प्रणालीको पहिलो वर्षमा ३१ गरी १३२ विद्यार्थी सुदूरपश्चिम विश्वविद्यालयको पहिलो कार्यक्रममा सहभागि भएका छन् । जुन निक्कै उत्साहजनक संख्या हो ।

बिगत ५ वर्षको विद्यार्थी सङ्ख्यालाई स्तम्भ चित्रमा यसरी देखाउन सकिन्छ:




## ३.२ उत्तीर्ण दर प्रवृत्ति विश्लेषण(Pass Rate Trend Analysis)

सुदूरपश्चिम विश्वविद्यालयको सेमेस्टर प्रणालीअन्तर्गतका विद्यार्थीहरु चालु आर्थिक वर्षमा आठौँ सेमेस्टरको अन्तिम परीक्षामा सहभागी हुँदै छन् । अन्तिम सेमेस्टरका रुपमा रहेको आँठौं सेमेस्टरको अन्तिम परीक्षामा सहभागी विद्यार्थीहरुको नतिजा नआउँदै सुदूरपश्चिम विश्वविद्यालयको स्नातक तथा स्नातकोत्तर तहको उत्तीर्ण दर आउन सक्दैन । हालसम्म स्नातकोत्तर तहमा एक ब्याजले मात्रै अन्तिम परीक्षा दिएको हिसाबले हेर्दा क्याम्पसको स्नातकोत्तर उत्तीर्ण दर ६४. ७० देखिन्छ । गत शैक्षिक सत्रमा लिइएको अन्तिम परीक्षामा सहभागी भएका १७ जनामध्ये ११ जनाले स्नातकोत्तर तह उत्तीर्ण गरेका छन् । यो बीचमा सबै सङ्कायका छेठौं सेमेस्टरसम्मको नतिजा आइ सकेको छ । यसका आधारमा विद्यार्थीहरुको उत्तीर्ण प्रतिशत २८ को सेरोफेरोमा छ । गत शैक्षिक सत्रमा परीक्षा सञ्चालन भई यो शैक्षिक सत्रमा नतिजा प्रकाशन भएकाहरुको उत्तीर्ण दरलाई नियमित र आंशिक तथा मौका परीक्षामा सहभागीका हिसाबले तथ्याङ्क विश्लेषण गरिएको छ । यसरी हेर्दा

नियमिततर्फ सबै सङ्कायका ९०४ जनामध्ये १९३ जना मात्रै उत्तीर्ण भएका छन् । यसको दर २१.३४ प्रतिशत हुन्छ । त्यसैगरी आंशिक परीक्षामा सहभागी भएका १८८ विद्यार्थीमध्ये १२२ जना उत्तीर्ण भएका छन् । यिनको दर ६४.८९ प्रतिशत हुन जान्छ । यसरी हेर्दा नियमितभन्दा आंशिक तथा मौका परीक्षामा सहभागी हुने विद्यार्थीहरुको उत्तीर्ण प्रतिशत उच्च छ । क्याम्पसमा सञ्चालित विभिन्न कार्यक्रमहरुका विभिन्न सेमेस्टरमा नियमित, आंशिक तथा मौका परीक्षामा सहभागी र उत्तीर्ण विद्यार्थीहरुको विवरण देहायअनुसार छ;

**३.२.१ सेमेस्टरगत उत्तीर्ण प्रवृतिः** विभिन्न सेमेस्टरमा अध्ययनरत रही शैक्षिक सत्र २०७९/०८० मा प्रकाशन भएको नतिजाका आधारमा क्याम्पसको उत्तीर्ण दर ४१.५९ प्रतिशत छ । विभिन्न कार्यक्रमका विभिन्न सेमेस्टरसम्बद्ध परीक्षामा सहभागी भएका ७०२ जनामध्ये २९२ जना उत्तीर्ण भएका छन् । दार्चुला बहुमुखी क्याम्पसमा विभिन्न सेमेस्टरमा नियमिततर्फ उत्तीण प्रवृत्ति देहायअनुसार रहेको छ;

| **क.स.** | **कार्यक्रम/सेमेस्टर** | **जम्मा सहभागी** | **छात्र** | **छात्रा** | **उत्तीर्ण** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | बि.बि.एस. पहिलो | ४ | २ | २ | ४ | वार्षिक प्रणाली (मौका) |
| २ | बि.बि.एस. दोस्रो | ३३ | - | ३ | ३ | ,, नियमित |
| ३ | बि.बि.एस.तेस्रो | २५ | ५ | ९ | १४ | ,, |
| ४ | बि.बि.एस. पहिलो | ३९ | १ | १ | २ | सेमेस्टर प्रणाली |
| ५ | बि.बि.एस. दोस्रो | २९ | १ | ५ | ६ | ,, |
| | बि.बि.एस.तेस्रो | २३ | - | ४ | ४ | ,, |
| | | **१५३** | **९** | **२४** | **३३** | |
| ६ | बि.एड्. पहिलो | ६७ | २ | १५ | १७ | ,, |
| ७ | बि.एड्. दोस्रो | ७७ | ४ | २९ | ३३ | ,, |
| ८ | बि.एड्. तेस्रो | ६३ | ३ | १६ | १९ | ,, |
| ९ | बि.एड्. चौथो | ४९ | २ | ११ | १३ | सेमेस्टर |
| १० | बि.एड्. छैठौं | ५१ | १२ | ३२ | ४४ | ,, |
| | | **३०७** | **२३** | **१०३** | **१२६** | |
| ११ | बि.ए. पहिलो | ४१ | २ | ४ | ६ | ,, |
| १२ | बि.ए. दोस्रो | २८ | ३ | ९ | १२ | ,, |
| १३ | बि.ए. तेस्रो | २५ | ४ | १७ | २१ | ,, |
| १४ | बि.ए. चौथो | ३५ | ३ | १३ | १६ | ,, |
| १५ | बि.ए.छैठौं | २४ | २ | १६ | १८ | ,, |
| | | **१५३** | **१४** | **५९** | **७३** | |
| १६ | एम्.ए. पहिलो | २५ | ९ | ११ | २० | ,, |
| १७ | एम्.ए. दोस्रो | २२ | ७ | ९ | १६ | ,, |
| १८ | एम्.ए. चौथो | १५ | ११ | १ | १२ | ,, |
| | | **६२** | **२७** | **२१** | **४८** | |
| १९ | एम्.एड्.पहिलो | १८ | ४ | ५ | ९ | ,, |
| २० | एम्.एड्. दोस्रो | ९ | २ | १ | ३ | ,, |
| | | **२७** | **६** | **६** | **१२** | |
| जम्मा | | **७०२** | **७९** | **२१३** | **२९२** | |

नियमित कार्यक्रमतर्फ परीक्षामा सहभागी हुने र उत्तीर्ण हुने विद्यार्थीहरुको संख्या हेर्दा सबैभन्दा बढी समाजशास्त्र तथा मानविकी संकायको स्नातकोत्तर तहमा ७७.४१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् भने सोही तहको शिक्षाशास्त्रतर्फ ४४.४४ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । स्नातकतर्फ भने सबैभन्दा कम व्यवस्थापन संकायमा उत्तीर्ण भएको देखिन्छ । व्यवस्थापन संकायमा २१.५६, शिक्षाशास्त्र संकायमा ४१.०४ र समाजशास्त्र तथा मानविकी संकायमा ४७.७१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

**३.३ स्नातक दर प्रवृत्ति विश्लेषण**(Graduate Trend Analysis)यस क्याम्पसमा शैक्षिक सत्रानुसार विभिन्न तह पार गर्ने स्नातकहरु (Graduates)को सङ्ख्या तपसिल बमोजिम रहेको छ ।

**३.३.१ उत्तीर्ण (स्थानान्तरण प्रमाणपत्र जारी भएको आधारमा) सङ्ख्या :**

| क्र.स. | वर्ष | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | २०२२ | २८ | १९ | ४७ |
| २ | २०२१ | १६ | ४ | २० |
| ३ | २०२० | २६५ | ८५ | ३५० |
| ४ | २०१९ | १ | | १ |
| ५ | २०१८ | २५ | १७ | ४२ |
| ६ | २०१७ | २६ | २१ | ४७ |
| ७ | २०१६ | २९ | १३ | ४२ |
| **जम्मा** | | **४९०** | **१५९** | **६४९** |

स्नातक तह उत्तीर्ण गरी चालु आर्थिक वर्षमा १९ जना छात्र र २८ जना छात्रा गरी ४७ जनाले क्याम्पसबाट स्थानान्तरण प्रमाण पत्र लिएका छन् । सन् २०२१ म २० जना, २०२० मा ३५०, २०१९ मा १ जनाले आफू सम्मिलित सेमेस्टरको परीक्षा उत्तीर्ण गरेका छन् भने २०१८ मा ४२, २०१७ मा ४७ र सन् २०१६ मा क्याम्पसबाट ४२ जना दिक्षित हुन योग्य भएका छन् । भर्ना भएका विद्यार्थीहरुको सङ्ख्यामा महिला बढि देखिए जस्तै उत्तीर्ण हुने सङ्ख्यामा पनि महिला नै उत्तीर्ण बढि देखिएका छन् । सन् २०२१ मा १६ जना छात्राहरुले आफू सहभागि रहेको सेमेस्टर उत्तीर्ण गर्दा छात्रहरु ४ जना मात्रैले उत्तीर्ण गरे । एकै वर्ष शिक्षाशास्त्र र मानविकीतर्फ पहिलोदेखि चौथो सेमेस्टरसम्म र व्यवस्थापनतर्फ पहिलो र दोस्रो वर्ष तथा दोस्रो सेमेस्टरको नतिजा प्रकाशन भएकाले सन् २०२० मा ३५० जना उत्तीर्ण भएको देखिएको हो । यीमध्ये पनि छात्राहरु नै बढी छन् । यो वर्ष २६५ जना छात्रा र ८५ जना छात्र उत्तीर्ण भएका छन् । यता सन् २०१९ मा एक जना छात्रा मात्रै उत्तीर्ण भएका छन् । २०१८ मा २५ जना महिला र १७ जना पुरुष विद्यार्थी दिक्षित हुन योग्य भएका छन् । सन् २०१७ मा २६ जना महिला र २१ जना पुरुष विद्यार्थी उत्तीर्ण भएका छन् । सन् २०१६ मा २९ जना महिला र १३ जना पुरुष उत्तीर्ण भएका छन् । त्यसैगरी शैक्षिक सत्र २०१९ मा १ जना महिलाले मात्रै स्नातक तह उत्तीर्ण गरेका छन् । विश्लेषण गरिएको छ वर्षमा जना ३६२ छात्रा र १४० छात्र विद्यार्थी दिक्षित हुन योग्य भएका छन् । यस क्याम्पसमा शैक्षिक कार्यक्रम अनुसार विभिन्न तह पार गर्ने स्नातकहरु (Graduates) को सङ्ख्या तपसिल बमोजिम रहेको छ ।

### ३.३.२ स्नातक (शिक्षाशास्त्र) उत्तीर्ण गर्ने विद्यार्थीहरुको विवरण :

| क्र.स. | वर्ष | महिला | पुरुष | जनजाति | दलित | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २०२२ | २२ | १० | | | ३२ |
| २ | २०२१ | १४ | ४ | | | १८ |
| ३ | २०२० | १५८ | ५० | | | २०८ |
| ४ | २०१९ | १ | | | | १ |
| ५ | २०१८ | १६ | १० | १ | १ | २६ |
| ६ | २०१७ | १४ | १० | | | २४ |
| ७ | २०१६ | ७ | ४ | | | ११ |
| जम्मा | | २३२ | ८८ | १ | १ | ३२० |

दार्चुला बहुमुखी क्याम्पसमा सन् २०१६ देखि सन् २०२२ सम्म शिक्षाशास्त्र सङ्काय, स्नातक तहमा ३२० जना विद्यार्थीले आफू सम्मिलित सेमेस्टर उत्तीर्ण गरेका छन् । उत्तीर्ण सङ्ख्याको तुलना गर्ने हो भने सन् २०२० मा सबैभन्दा बढी विद्यार्थी उत्तीर्ण भएका छन् । शिक्षाशास्त्रमा २३२ जना छात्राहरुले स्नातक तह उत्तीर्ण गर्दा ८८ जना छात्रहरुले पनि स्नातक उत्तीर्ण गरेका छन् ।

### ३.३.३ स्नातक तह व्यवस्थापन सङ्कायका उत्तीर्ण गर्ने विद्यार्थीहरुको सङ्ख्या :

| क्र.स. | वर्ष | महिला | पुरुष | जनजाति | दलित | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २०२२ | ५ | ५ | | | १० |
| २ | २०२० | ४२ | १६ | | | ५८ |
| ३ | २०१९ | २ | १ | | | ३ |
| ४ | २०१८ | २ | ३ | - | - | ५ |
| ५ | २०१७ | ५ | ५ | - | - | १० |
| ६ | २०१६ | ७ | ६ | - | - | १३ |
| जम्मा | | ६३ | ३६ | - | - | ९९ |

चालु आर्थिक वर्षमा स्नातक तहको स्थानान्तरण जारी भएका विद्यार्थीहरु १० जना रहेका छन् । यीमध्ये छात्र र छात्रा बराबर पाँच पाँच रहेका छन् । २०२० मा तीन सेमेस्टरको नतिजा प्रकाशन भएकाले यो वर्ष ४२ छात्रा र १६ छात्र गरी ५८ जना विद्यार्थी उत्तीर्ण भएका छन् । शैक्षिक सत्र २०१९ मा २ महिला र १ पुरुष गरी ३ जनाले व्यवस्थापन संकायतर्फ स्नातक तह उत्तीर्ण गरेका छन् । स्न २०१८ मा २ महिला र ३ पुरुष गरी ५ जना मात्रै उत्तीर्ण हुँदा सन् २०१७ मा ५ जना महिला र ५ जना पुरुष गरी १० जना विद्यार्थीहरुले व्यवस्थापन संकायको स्नातक तह उत्तीर्ण गरेका छन् । त्यसैगरी सन् २०१६ मा ७ जना महिला र ६ जना पुरुष गरी १३ जनाले व्यवस्थापन सङ्कायको स्नातक तह उत्तीर्ण गरेका छन् ।

### ३.३.४ स्नातक तहतर्फ मानवीकी सङ्कायका विभिन्न सेमेस्टर उत्तीर्ण गर्ने विद्यार्थीहरु :

| क्र.स. | वर्ष | महिला | पुरुष | जनजाति | द्लित | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २०२२ | १ | ४ | | | ५ |
| २ | २०२१ | २ | | | | २ |
| ३ | २०२० | ६५ | १९ | | | ८४ |
| ४ | २०१९ | ६ | ५ | | | ११ |
| ५ | २०१८ | ६ | ५ | | | ११ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | २०१७ | ७ | ६ | | १ | १३ |
| ७ | २०१६ | ७ | ४ | | | ११ |
| जम्मा | | ९४ | ४३ | | | १३७ |

शैक्षिक सत्र २०७९/८० मा मानविकी संकायबाट स्नातक उत्तीर्ण ५ जनाले स्थानान्तरण प्रमाण पत्र लिएका छन् । यसमा १ छात्रा र ४ छात्र रहेका छन् । सन् २०२१ मा एक सेमेस्टरको मात्रै नतिजा प्रकाशन भएकाले २ र सन् २०२० मा चार सेमेस्टरको नतिजा प्रकाशन भएका कारण ८४ जना उत्तीर्ण भएको देखिएको हो । शैक्षिक सत्र २०१९ मा ६ जना महिला र ५ जनार पुरुष गरी ११ जना र सन् २०१८ मा पनि ११ जना विद्यार्थीहरुले व्यवस्थापन संकायमा स्नातक तह उत्तीर्ण गरेका छन् भने सन् २०१७ मा १३ र सन् २०१६ मा ११ जनाले उत्तीर्ण गरेका छन् ।

सन् २०१८ मा ६, सन् २०१७ मा ७ र सन् २०१६ मा ७ गरी जम्मा २० जना छात्राहरुले व्यवस्थापन संकायको स्नातक तह उत्तीर्ण गर्दा तिनै वर्षहरुमा क्रमशः ५, ६ र ४ जना पुरुषले पनि व्यवस्थापन संकायको स्नातक तह उत्तीर्ण गरेका छन् । चार वर्षमा व्यवस्थापन संकाय उत्तीर्ण गर्ने पुरुषहरुको सङ्ख्या २० र महिलाको सङ्ख्या २६ पुगेको छ । सन् २०२१ मा २ र सन् २०२० मा ६५ छात्रा तथा सन् २०२० मा १९ छात्रहरुले मानविकी सङ्कायको विभिन्न सेमेस्टर उत्तीर्ण गरेका छन् ।

### ३.३.५ स्नातकोत्तर

| क्र.स. | वर्ष | महिला | पुरुष | जनजाति | दलित | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २०२२ | ११ | १० | | | २१ | एम. ए, एम्.एड्. |
| २ | २०२१ | १ | ६ | | | ७ | एम.ए. |
| ३ | २०२१ | ४ | १ | | | ५ | एम्.एड्. |
| ४ | २०२० | ५ | ४६ | | | ५१ | एम.ए. |
| ५ | २०२० | १ | ७ | | | ८ | एम्.एड्. |
| ६ | २०१९ | ४ | १ | | | ५ | एम.एड. (सुपवि) |
| ७ | २०१८ | ६ | १ | | | ७ | एम.एड. द्वितीय (त्रि.वि.) |
| ८ | २०१७ | ३ | ५ | | | ८ | एम.एड. प्रथम (त्रि.वि.) |
| **जम्मा** | | **३५** | **६७** | | | **१०२** | |

स्नातकोत्तर तह उत्तीर्ण गरी शैक्षिक सत्र २०७९/८० मा २१ जनाले स्थानान्तरण प्रमाण पत्र लिएका छन् । स्नातकोत्तर गर्नेमध्ये १२ जना समाजशास्त्र तथा मानविकी संकायका रहेका छन् भने ९ जना शिक्षाशास्त्र संकायका छन् । स्नातककोत्तर तह उत्तीर्ण हुने विद्यार्थीहरुको आँकडा आँलकन गर्न सन् २०१७ देखि २०२१ सम्म विभिन्न सेमेस्टर तथा वर्षमा उत्तीर्ण भएका विद्यार्थीहरुको सङ्ख्या हेर्नु जरुरी छ । सन् २०१९ मा पहिलो पटक सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गत एम.ए. प्रथम वर्षको नतिजा प्रकाशन भएको छ । नजिताअनुसार सो वर्ष सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको परीक्षामा सहमागि भई १ महिला र १० पुरुष गरी ११ जनाले स्नातकोत्तर तहतर्फ मानवीकी सङ्कायको प्रथम सेमेस्टर उत्तीर्ण गरेका छन् भने सोही वर्ष स्नातकोत्तर तहमा शिक्षाशास्त्र तर्फ ४ जना महिला र १ पुरुष गरी ५ जनाले शिक्षाशास्त्र सङ्कायतर्फ स्नातकोत्तर तह उत्तीर्ण गरेका छन् । सन् २०२१ मा मानविकी र शिक्षाशास्त्र सङ्कायमा  गरी १२ जनाले स्नातकोत्तरका विभिन्न सेमेस्टर उत्तीर्ण गरेका छन् भने सन् २०२० मा दुवै सङ्कायबाट ५९ जनाले उत्तीर्ण गरेका थिए ।  सन् २०२० मा शिक्षाशास्त्रतर्फ ८ जना र मानविकीतर्फ ५१ जनाले स्नातकोत्तरका विभिन्न सेमेस्टर उत्तीर्ण गरका छन् । त्रिभुवन विश्वविद्यालयको कार्यक्रमतर्फ सन्

२०१८ मा शिक्षाशास्त्रको द्वितीय वर्षमा ६ जना महिला र १ जना पुरुष गरी ७ जनाले स्नातकोत्तर तह उत्तीर्ण गरेका थिए भने सन् २०१७ मा ३ पुरुष र ५ महिला गरी ८ जनाले शिक्षाशास्त्र सङ्काय प्रथम वर्ष उत्तीर्ण गरेका थिए ।

## ४. प्राज्ञिक जनशक्ति (Academic Manpower)

यस क्याम्पसमा हाल १८ जना पूर्णकालीन र ७ जना अंशकालीन गरी जम्मा २५ जना प्राध्यापकहरु कार्यरत छन् ।

**प्राध्यापक तथा कर्मचारीहरुको नामावली**

| क्र.स. | पद | नाम | योग्यता | ाविषय |
|---|---|---|---|---|
| १ | उपप्राध्यापक | श्री कृष्ण सिह साउद | एम.ए. एम.एड्. | अंग्रेजी, भाषाविज्ञान |
| २ | उपप्राध्यापक | श्री धाना धामी | एम.ए., एम.एड्. | नेपाली |
| ३ | उपप्राध्यापक | श्री मदन सिह कार्की | एम.कम. | लेखा |
| ४ | उपप्राध्यापक | श्री करन सिह साउद | एम.एड्. | शिक्षा |
| ५ | उपप्राध्यापक | श्री डम्मर सिह साउद | एम.ए., एम.एड्. | अंग्रेजी |
| ६ | उपप्राध्यापक | श्री नरेन्द्रराज अवस्थी | एम.ए. एम.एड्. | शिक्षा, भुगोल |
| ७ | उपप्राध्यापक | श्री विष्णुदत्त जोशी | एम.एड्, | नेपाली |
| ८ | उपप्राध्यापक | श्री मोहनराज जोशी | एम.बी.एस., बी.एड्. | व्यवस्थापन, अर्थशास्त्र |
| ९ | उपप्राध्यापक | श्री माधवप्रसाद अवस्थी | एम.एड्., एम.ए | शिक्षा, समाजशास्त्र, अर्थशास्त्र |
| १० | उपप्राध्यापक | श्री दुर्गा सिह ऐरी | एम.एस.सी., बी.एड्. | गणित |
| ११ | सहायक प्राध्यापक | श्री आन सिह डडाल | एम.ए., बी.एड् | अर्थशास्त्र |
| १२ | सहायक प्राध्यापक | श्री दान सिह ठगुन्ना | एम.ए., बी.एड् | ग्रामीण विकास |
| १३ | सहायक प्राध्यापक | श्री पदम सिह बडाल | एम.एड्. | नेपाली |
| १४ | सहायक प्राध्यापक | श्री खेमराज भट्ट | एम.ए., एम.एड्. | नेपाली |
| १५ | सहायक प्राध्यापक | श्री चन्द्र सिह धामी | एम.ए. | समाजशास्त्र |
| १६ | सहायक प्राध्यापक | श्री सोवन सिह धाामी | एम.ए. | अंग्रेजी |
| १७ | शिक्षण सहायक | श्री आशा सामन्त | एम.एड्. | जनसंख्या |
| १८ | शिक्षण सहायक | श्री महेश प्रशाद जोशी | एम.ए. | ग्रामीण विकास |
| १९ | शिक्षण सहायक | श्री भैरव दत्त भट्ट | एम.ए. | अङ्ग्रेजी |
| २० | शिक्षण सहायक | श्री रमेशसिह धामी | एम.बी.एस., बी.एड. | वित्तशास्त्र |
| २१ | शिक्षण सहायक | श्री जगत प्रसाद अवस्थी | एम.एड्. | गणित |
| २२ | शिक्षण सहायक | श्री खगेन्द्रप्रशाद भट्ट | एम.बि.एस | वित्तशास्त्र |
| २३ | शिक्षण सहायक | श्री लक्ष्मीप्रशाद जोशी | एम.एड्. | अङ्ग्रेजी |
| २४ | विषय प्रशिक्षक | श्री चिरञ्जिवी अवस्थी | बी.ई. | कम्प्युटर |

क्याम्पसमा कार्यरत प्राध्यापकहरुको संख्या विश्लेषण गर्दा १० जना उपप्राध्यापक र ६ जना सहायक प्राध्यापक, ८ जना शिक्षण सहायक र १ जना विषय प्रशिक्षकले अध्यापन गर्दै छन् । यी मध्ये १८ जना पूर्णकालीन शिक्षकहरु कार्यरत छन् भने ७ जना अंशकालीन शिक्षकहरु कार्यरत रहेका छन् । पूर्णकालीन शिक्षकहरु ७२ प्रतिशत कार्यरत छन् भने आंशिक शिक्षकहरुको प्रतिशत २८ प्रतिशत रहेको छ । ७२ प्रतिशत पूर्णकालीन शिक्षक कार्यरत रहेको क्याम्पसमा ४० प्रतिशत उप प्राध्यापक, ३२ प्रतिशत सहायक प्राध्यापक, २४ प्रतिशत शिक्षण सहायक र ४ प्रतिशत विषय प्रशिक्षक कार्यरत छन् ।

क्याम्पसमा कार्यरत प्राध्यापकहरुको समग्र अवस्थितिलाई यसरी देखाउन सकिन्छः




**५. प्रशासनिक जनशक्ति (Administrative Manpower)**

क्याम्पसमा ९ जना कर्मचारी कार्यरत रहेका छन् । जसमध्ये ३ जना महिला र ६ जना पुरुष रहेका छन् । कर्मचारीहरुमध्ये ४ जना हेड असिस्टेन्ट, १ जना असिस्टेन्ट, ३ जना कार्यालय सहयोगी र १ जना सुरक्षागार्ड रहेका छन् । कर्मचारीहरुको संक्षिप्त विवरण यसप्रकार छः

**कर्मचारीहरुको नामावली**

| क्र.सं. | पद | नाम | योग्यता | विषय |
|---|---|---|---|---|
| १ | हेड असिस्टेण्ट (लेखा) | श्री मदन सिह बोहरा | बी.एड्. | जनसंख्या |
| २ | हेड असिस्टेण्ट | श्री राजेन्द्र बहादुर सुनाम | एम.ए. | समाजशास्त्र |
| ३ | हेड असिस्टेण्ट | श्री भागिरथी जोशी | बी.ए. | समाजशास्त्र |
| ४ | हेड असिस्टेण्ट | श्री लक्ष्मी खत्री | बी.एड्. | जनसंख्या |
| ५ | असिस्टेण्ट | श्री जितेन्द्र धामी | एम्.ए. | ग्रामीण विकास |
| ६ | कार्यालय सहयोगी | श्री जगत सिह ऐरी | आठ पास | – |
| ७ | कार्यालय सहयोगी | श्री गौरी देवी अवस्थी | साधारण लेखपढ | – |
| ८ | कार्यालय सहयोगी | श्री पुष्कर राम लोहार | एस.एल.सी. | – |
| ९ | सुरक्षा गार्ड | श्री किशन सिह ऐरी | साधारण लेखपढ | |

**६. शैक्षिक कार्यक्रमहरु (Academic Program)**

दार्चुला बहुमुखी क्याम्पसमा वि.स. २०५९ सालदेखि स्नातक तहमा शिक्षाशास्त्र सङ्काय, २०६४ सालदेखि वाणिज्य सङ्काय र २०७० सालदेखि मानविकी सङ्कायको पढाई शुरु भएको हो । स्नातकोत्तर तहमा २०६८ सालमा एम.एड्. अन्तरगत नेपाली शिक्षा र पाठ्यक्रम तथा मूल्याङ्कन

विषयको पढाइ शुरु भएको हो भने २०७५ देखि एम.ए.मा ग्रामीण विकासको पठन पाठन हुँदै आएको छ । हाल आएर क्याम्पसमा सुदूरपश्चिम विश्वविद्यालय अर्न्तगतको सेमेष्टर प्रणालीमा ४ वर्षे बी.एड्., ४ वर्षे बी.ए.का कक्षाहरु सञ्चालन भइरहेका छन् भने वार्षिक प्रणालीमा ४ वर्षे बी.बी.एस. कक्षाहरु सञ्चालन भई पठनपाठन हुँदै गरेको छ । त्यसैगरी स्नातकोत्तर तहमा सेमेष्टर प्रणालीमा एम.एड्. तथा एम.ए. का कक्षाहरु सञ्चालन भइरहेका छन् । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क.स. | सङ्काय | कार्यक्रम | विषयहरु | प्रणाली |
|---|---|---|---|---|
| १ | शिक्षाशास्त्र | बी.एड्. | नेपाली, अङ्ग्रेजी, गणित र जनसङ्ख्या | चार वर्षे सेमेस्टर प्रणाली |
| २ | शिक्षाशास्त्र | एम्.एड्. | पाठ्यक्रम र नेपाली | दुई वर्षे सेमेस्टर प्रणाली |
| ३ | व्यवस्थापन | बी.बी.एस्. | लेखाशास्त्र | चार वर्षे सेमेस्टर प्रणाली |
| ४ | मानवीकी | बी.ए. | ग्रामीण विकास र समाजशास्त्र | चार वर्षे सेमेस्टर प्रणाली |
| ५ | मानवीकी | एम्.ए. | ग्रामीण विकास | दुई वर्षे सेमेस्टर प्रणाली |

## ७. शैक्षणिक विधिहरु (Educational Pedagogy)

क्याम्पसले प्रविधिमा आधारित शैक्षणिक विधि अपनाएर गुणस्तरीय शिक्षा प्रदान गर्ने प्रयास गरिरहेको छ । प्राध्यापकहरुले सम्बन्धित विषयका विषयवस्तुहरुमा अध्यावधिक हुँदै कम्प्युटर मल्टिमिडिया प्रोजेक्टर, डिजिटल बोर्डको प्रयोगका साथै अन्य प्रविधिमा आधारित शिक्षा प्रदान गर्दै आइरहेका छन् । शिक्षण कार्यका साथै क्याम्पसले समय समयमा अभिमुखीकरण, सेमिनार, कार्यशाला, लघु अनुसन्धानका साथै अन्य आवश्यक शैक्षणिक कार्यहरु पनि सञ्चालन गर्दै आएको छ । आवश्यकताका आधारमा अतिरिक्त कक्षाहरु, परीक्षा केन्द्रित कक्षाहरु, पेशाव्यवासाय प्रवेशका लागि सहजता दिने कक्षाहरु समेत क्याम्पसले सञ्चालन गर्ने गरेको छ । त्यसका साथसाथै सेमेष्टर प्रणालीमा सञ्चालन हुने कार्यक्रमहरुमा नितान्त फरक रुपले आधुनिक विधिहरुको प्रयोग गरी विषयवस्तुको प्रकृति अनुसार कक्षाकार्य, गृहकार्य, समूहकार्य र क्षेत्र अध्ययन जस्ता विविध नवीन विधि तथा प्रविधिहरुको प्रयोग गरी शिक्षण कार्य सम्पन्न गरिन्छन् ।

## ८. भौतिक विवरण (Physical Details)

१. जमिन ६-१२-०२-०२
२. भवन ४, कक्षा कोठा २८
३. पुस्तक १५,९६०
४. कम्प्युटर ४५
५. ल्यापटप १७
६. मल्टिमिडिया प्रोजेक्टर १९
७. स्टिल दराज २८
८. शौचालय १६ वटा
९. प्लास्टिक कुर्सी १७१
१०. फोटो कपि मेसिन ७
११. ह्वाइट बोर्ड २०
१२. आल्मुनियम सिडि २
१३. टेबुल २३
१४. ग्रिल बेन्च १४० जोडि
१५. क्यामेरा २
१६. मोटरसाइकल १
१७. युपिएस ब्याट्रि १
१८. सिसिटिभी क्यामेरा ९
१९. फ्याक्स मेसिन १
२०. र्‍याक दराज ३
२१. ई-हाजिरी मेसिन १
२२. पङ्खा ३१
२३. फोन र इन्टरनेट २ लाइन
२४. वाटर फिल्टर २
२५. पानी ट्याङ्की १०
२६. भिडियो क्यामेरा १
२७. स्मार्ट बोर्ड ६
२८. ग्याँस चुलो सेट १
२९. वास वेसिन सेट ५
३०. सोफा सेट १
३१. जनरेटर १
३२. फ्रिज १

३३. घुम्ने कुर्सि ४ ३४. फलामको र्‍याक १० सेट
३५. वाटर डिस्पेन्सर र फिल्टर २

## ९. आर्थिक विवरण

गत आर्थिक वर्ष २०७९/०८० को जेठ महिनासम्मको आमदानी विभिन्न शीर्षकमा प्राप्त अनुदान रकम २,१७,९१,२८८। र आन्तरिक आमदानी ५८,४५,९५८। गरी जम्मा २,७६,३७,२४६। रहेको छ । व्ययतर्फ पूँजिगततर्फ जेठ महिनासम्म ४६,०३,९२८.०५ र सञ्चालनतर्फ २,२७,९७,८९२.०९ गरी २,७४,०१,८२०.१४ रुपैयाँ रहेको छ । तथा व्यय १,६२,३०,७८६।४५ रुपैयाँ रहेको छ । जेठ महिनासम्मको पुँजिगत खर्च वार्षिक स्वीकृत बजेटको ६९.४६ पतिशतभन्दा बढी रहेको छ । असारसम्मको खर्च जोड्दा यो प्रतिशत अझै बढ्ने छ । यो वर्षको जेठ महिनासम्मको खर्चलाई देहायअनुसार देखाइएको छ;

| | १ | पूजिगत खर्च | स्वीकृत बजेट | जेठ महिनासम्मको खर्च |
|---|---|---|---|---|
| १ | ०१/००१ | जग्गा खरिद खर्च | | |
| २ | ०१/००२ | भवन निर्माण तथा खरिद | ३,५००,०००।०० | २,३१९,९६१।०५ |
| ३ | ०१/००३ | सवारी साधन खर्च | | |
| ४ | ०१/००४ | फर्निचर तथा फिक्चर खर्च | ५००,०००।०० | |
| ५ | ०१/००५ | पाठ्यपुस्तक तथा ई लाइब्रेरी | ७००,०००।०० | ४९१,१८६।०० |
| ६ | ०१/००६ | मेसिनरी औजार खर्च | ५००,०००।०० | १,०९२,९२९।०० |
| ७ | ०१/००७ | पूजिगत मर्मत तथा सुधार | ८५०,०००।०० | ५४८,२१२।०० |
| ८ | ०१/००८ | सफ्टवेयर निर्माण खर्च | १००,०००।०० | १५१,६४०।०० |
| ९ | ०१/००९ | अन्य निर्माण | २१२,५००।०० | |
| १० | ०१/०१० | पूाजिगत प्राविधिक परामर्स सेवा | २६५,५००।०० | |
| | | **जम्मा** | **६,६२८,०००।००** | **४,६०३,९२८।०५** |
| | २ | **सञ्चालन तर्फ** | | |
| १ | ०२/००१(क) | तलब शिक्षण | | १०,४५२,१०३.५२ |
| २ | ०२/००१(ख) | अतिरिक्त तलब शिक्षण | | २,१४६,३३६.४८ |
| ३ | ०२/००२ | तलब प्रशासन | | ३,५२९,०७६.०९ |
| ४ | ०२/००३ | भत्ता | | - |
| ५ | ०२/००४ | सञ्चय कोष अनुदान | | १,८१५,३५२.०० |
| ६ | ०२/००५(क) | निबृतिभरण अनुदान | | १,८१५,३५२.०० |
| ७ | ०२/००५(ख) | बिशेष अवकास अनुदान | | - |
| ८ | ०२/००६ | अतिरिक्त पारिश्रमिक प्रशासन | | - |
| ९ | ०२/००७(क) | उपदान तथा निबृत्तिभरण | | - |

| | | | | |
|---|---|---|---|---|
| १० | ०२/००७(ख) | उपदान तथा निबृत्तिभरण कोष | | - |
| ११ | ०२/००८ | भ्रमण खर्च | १६०,०००.०० | १७५,६७०.०० |
| १२ | ०२/००९ | विद्युत तथा पानी खर्च | ६७,२००.०० | ६५,१०६.०० |
| १३ | ०२/०१० | इन्धन खर्च | १८,०००.०० | ६,२५०.०० |
| १४ | ०२/०११ | छपाई तथा मसलन्द | ३००,०००.०० | २७५,५५५.०० |
| १५ | ०२/०१२ | पत्रपत्रिका खर्च | ८,०००.०० | - |
| १६ | ०२/०१३ | प्रकाशन खर्च | ५०,०००.०० | - |
| १७ | ०२/०१४ | परीक्षा खर्च | ३२०,०००.०० | १५४,६७२.०० |
| १८ | ०२/०१५ | विज्ञापन तथा प्रचार प्रसार | ६०,०००.०० | १०८,८८६.०० |
| १९ | ०२/०१६ | मर्मत संभार खर्च | २००,०००.०० | ७१,७४२.०० |
| २० | ०२/०१७ | सवारी साधन खर्च | | - |
| २१ | ०२/०१८ | कानुनी खर्च | ४०,०००.०० | - |
| २२ | ०२/०१९ | सेवा शुल्क खर्च | १३५,०००.०० | ९१,२००.०० |
| २३ | ०२/०२० | लेखा परीक्षण खर्च | | - |
| २४ | ०२/०२१ | बिमा खर्च | | १,७०६.०० |
| २५ | ०२/०२२ | उत्सव तथा समारोह | १४०,०००.०० | ३९,३६०.०० |
| २६ | ०२/०२३ | अतिथि सत्कार खर्च | १५५,०००.०० | ७७,५८४.०० |
| २७ | ०२/०२४ | वैठक भत्ता तथा खर्च | ५०,०००.०० | १२,०००.०० |
| २८ | ०२/०२५ | अध्ययन अनुसन्धान खर्च | १५०,०००.०० | - |
| २९ | ०२/०२६ | ईनाम तथा पुरस्कार खर्च | ४५,०००.०० | - |
| ३० | ०२/०२७ | तालिम,सेमिनार तथा गोष्ठी | १५०,०००.०० | ८,५६०.०० |
| ३१ | ०२/०२८ | कृषि सम्बन्धि खर्च | १५,०००.०० | - |
| ३२ | ०२/०२९ | विद्यार्थी कल्याण खर्च | ३५,०००.०० | २२,५३३.०० |
| ३३ | ०२/०३० | शैक्षिक सामाग्री | ४५,०००.०० | - |
| ३४ | ०२/०३१ | छात्रबृत्ति खर्च | ४२५,०००.०० | ३९२,१५०.०० |
| ३५ | ०२/०३२ | पाठ्यक्रम निर्माण खर्च | | - |
| ३६ | ०२/०३३ | घर भाडा खर्च | ३६,०००.०० | - |
| ३७ | ०२/०३४ | कार्यालय विविध खर्च | १००,०००.०० | १०२,२७८.०० |
| ३८ | | परीक्षा फारम | | १,२५५,८२०.०० |
| ३९ | | रजिस्ट्रेशन फारम | | १५०,५००.०० |
| ४० | | स्ववियू खाता खर्च | | २८,१००.०० |
| ४१ | | **जम्मा** | | **२२,७९७,८९२.०९** |
| ४२ | | **पूजिगत तथा सञ्चालन जम्मा** | २,७०४,२००.०० | **२७,४०१,८२०.१४** |

## ९.२.२ **आर्थिक विवरण आय विश्लेषण**

दार्चुला बहुमुखी क्याम्पसको आन्तरिक आयको श्रोत भनेको विद्यार्थीहरुबाट सङ्कलन गरिने शुल्क हो । आन्तरिक आयतर्फ प्रवेश शुल्कबाफत १,७७,०००।, शिक्षण शुल्कबाफत ४०,६५,९४५।, रजिष्ट्रेसनबाफत १,५७,०००।, परीक्षा शुल्कबाफत १२,२०,०५८।, प्रयोगात्मक शुल्क ९७,०००।, प्रमाणपत्रको ५४,०००।, अभ्यास शिक्षण शुल्कबाफत १,०३,०००। र अन्य शुल्कबाट ५९,२५५। गरी ५८,४५,९५८। रहेको छ भने अनुदानतर्फ सरकारी नियमित अनुदान १,७०,७२,०४०।, स्वदेशी सरकारी अनुदान २६,७२,१५४।, विशेष अनुदान १९,४७,०९४। र विविध अनुदान १,००,०००। गरी २,१७,९१,२८८। रुपैयाँ रहेको छ । यसरी आर्थिक वर्ष २०७९/८० मा क्याम्पसले २,७६,३७,२४६ रुपैयाँ आमदानी गरेको छ ।

**९.२.३ आन्तरिक स्रोतः** दार्चुला बहुमुखी क्याम्पसको आन्तरिक श्रोत अन्तर्गत आ.व. २०७९।०८० मा विद्यार्थीहरुबाट विभिन्न शीर्षकमा ५८ लाख ४५ हजार ९ सय ५८ रुपैयाँ प्रमुख रुपमा रहने छ । विद्यार्थीहरुले क्याम्पसमा शुल्कबाफत १,७७,०००।, शिक्षण शुल्कबाफत ४०,६५,९४५।, रजिष्ट्रेसनबाफत १,५७,०००।, परीक्षा शुल्कबाफत १२,२०,०५८।, प्रयोगात्मक शुल्क ९७,०००।, प्रमाणपत्रको ५४,०००।, अभ्यास शिक्षण शुल्कबाफत १,०३,०००। र अन्य शुल्क ५९,२५५। बुझाएका छन् । यो क्याम्पसको आन्तरिक आमदानी हो ।

**९.२.४ बाह्य स्रोतः** क्याम्पसले विद्यार्थीबाहेक क्याम्पसलाई सशर्त वा निशर्त अनुदान दिने सरकारी वा गैह्रसरकारी संस्था, निकायहरु क्याम्पसको आमदानीका बाह्य स्रोत हुन् । आर्थिक वर्ष २०७९/०८० मा सरकारी नियमित अनुदान १,७०,७२,०४०।, स्वदेशी सरकारी अनुदान २६,७२,१५४।, विशेष अनुदान १९,४७,०९४। र विविध अनुदान १,००,०००। आमदानी भएको छ । बाह्य स्रोत अन्तर्गत विश्वविद्यालयले नियमित रुपमा दिदै आएको अनुदान, विश्वविद्यालय अनुदान आयोग, सङ्घीय, प्रदेश र स्थानीय सरकार तथा अन्य दातृय निकायहरुलाई राखिएको छ ।

### ९.३ व्यय विश्लेषण

दार्चुला बहुमुखी क्याम्पसको खर्चलाई चालु/नियमित खर्च र पुँजीगत/विकास खर्चको आधारमा विश्लेषण गरिएको छ ।

### ९.३.१ चालु तथा नियमित खर्च

दार्चुला बहुमुखी क्याम्पसको चालु तथा नियमित खर्चलाई तलब खर्च र अन्य सञ्चालन/कार्यक्रम खर्च गरी माथि तालिकामा प्रस्तुत गरिएको छ ।

दार्चुला बहुमुखी क्याम्पसको मूख्य खर्च क्षेत्र क्याम्पसमा कार्यरत प्राध्यापक कर्मचारीहरुको तलबभत्ता नै हो । आर्थिक वर्ष २०७९/०८० को जेठ मसान्तसम्म प्राध्यापक कर्मचारीको तलबभत्ता शीर्षकमा १ करोड ४ लाख ५२ हजार १ सय ३ रुपैयाँ ५ पैसा खर्च भएको छ भने अतिरिक्त तलबभत्तामा २१ लाख ४६ हजार ३ सय ३६ रुपैयाँ ४८ पैसा खर्च गरिएको छ । त्यसैगरी सञ्चयकोष र निवृत्तिभरण अनुदानमा समान १८ लाख १५ हजार ४५२ रुपैयाँ विद्यार्थी कल्याणमा २२ हजार ५ सय ३३ रुपैयाँ र छात्रवृत्ति शीर्षकमा ३ लाख ९२ हजार १ सय ५० रुपैयाँ खर्च गरिएको छ ।

### ९.३.२ पुँजीगत तथा विकास खर्च

आ.व. २०७९।०८० को पूँजिगत खर्च यसै प्रतिवेदनको ९ नम्बरमा उल्लेख गरिएको छ । आ.व. २०७९।०८० को लागि स्वीकृत बजेटमध्ये जेठ मसान्तसम्म विभिन्न शीर्षकमा २ लाख ७४ लाख १ हजार ८ सय २० रुपैयाँ १४ पैसा खर्च भएको छ ।

### ९.५ आर्थिक वर्षअनुसार आय, व्यय तथा मौज्दात विवरण

यस क्याम्पसको विगत ६ वर्षदेखिको आर्थिक विवरण तथा चालु आर्थिक वर्ष २०७९/०८० को आय, व्ययको संक्षेप विवरण:

| आर्थिक वर्ष | आय | व्यय | मौज्दात |
|---|---|---|---|
| २०७३/०७४ (यथार्थ बजेट) | १,१९,१८,८६३ | ८७,२४,२३९ | ३१,९४,६२४ |
| २०७४/०७५ (यथार्थ बजेट) | १,१२,५१,३८४ | ९२,३४,३४४ | २०,१७,०४० |
| २०७५/०७६ (यथार्थ बजेट) | २,२२,०१,५९८ | १,७६,३०,७७३ | ४५,७०,८२५ |
| २०७६/०७७ (यथार्थ बजेट) | २,४४,२६,५४४ | २,३३,५५,१३९ | १०,७१,४०६ |
| २०७७/०७८ (यथार्थ बजेट) | २,६६,४०,२९१। | २,६७,३४,४१६। | ४६,८१,५१५।२७ |
| २०७८/०७९ (यथार्थ बजेट) | २,४८,३४,२६४।७५ | २,७८,२९,५०८।१६ | १६,८६,२६१।३७ |
| २०७९/०८० (जेठ मसान्तसम्मको) | २,७६,३७,२४६। | २,७४,०१,८२०।१४ | |

## १०. सामाजिक प्रगति

वि.स. २०५९ सालमा त्रिभुवन विश्वविद्यालयको सामुदायिक क्याम्पसको रुपमा स्थापित दार्चुला बहुमुखी क्याम्पस प्रत्यक्ष रुपमा वि.स. २०७५ सालदेखि सुदूरपश्चिम विश्वविद्यालयको आङ्गिक क्याम्पसका रुपमा सञ्चालित छ । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पस रहँदा समुदायको प्रत्यक्ष व्यवस्थापनमा रहेको क्याम्पस सुदूरपश्चिम विश्वविद्यालयको आङ्गिक क्याम्पसमा समायोजन भएपछि समुदायको प्रत्यक्ष संरक्षण र व्यवस्थापनबाट क्याम्पस केही टाढा हुन पुगेको छ । क्याम्पसले समुदायका नागरिकलाई क्याम्पसको व्यवस्थापनमै समेट्न नसके पनि निर्माण र अन्य सहकार्यका क्षेत्रहरुमा समुदायसँग हातेमालो गर्दै अगाडि पढ्ने नीति लिएको छ । यसबाट क्याम्पसलाई पृष्ठपोषण प्राप्त हुने र परिमार्जनका साथ अगाडि बढ्न मद्दत पुगेको छ । स्वतन्त्र विद्यार्थी युनियनमार्फत पनि क्याम्पसले समुदायसँग सहकार्य गर्न थालेका छ । क्याम्पसले सामाजिक संलग्नता अभिवृद्धिका लागि निम्नलिखित गतिविधिहरु गरिदैं आएका छन्:

१. क्याम्पसको भौतिक पूर्वाधारको लागि आर्थिक श्रोत जुटाउनका लागि स्थानीय तहसहित प्रदेश र केन्द्र सरकारमा रहेका जनप्रतिनिधि, सरोकारवाला निकाय, समाजसेवी, र यो क्षेत्रमा सक्रिय संघ-संस्थाहरुसँग समन्वय गर्ने,

२. स्वतन्त्र विद्यार्थी युनियनमार्फत सार्वजनिक सरोकारका विषयमा छलफल, बहष चलाउने र सरोकारवाला निकायको ध्यानाकर्षण गर्ने कार्य गरिएको,

२. सरकारी तथा गैरसरकारी संस्थाहरु बीचको सहकार्यलाई अझै व्यवस्थित र लाभग्राही बनाउने,

३. प्राध्यापक, कर्मचारी एवम् विद्यार्थीहरुको सामुदायिक गतिविधिहरु तथा जनसरोकारका विषयमा सहभागिता गराउने,

४. क्याम्पसको शैक्षिक, भौतिक र प्राज्ञिक उन्नयनका लागि भूतपूर्व विद्यार्थीहरुसँगको सम्पर्क तथा स्वतन्त्र विद्यार्थी युनियनसँगको सहकार्यलाई निरन्तरता दिई आवश्यक सरसल्लाह लिने,

५. गुणस्तरीय शिक्षाको विकासमा सहकार्यका लागि जिल्ला स्थित श्रोत विद्यालय, नमूना विद्यालयहरुसँग प्रत्यक्ष भेटघाट गर्ने,

८. क्याम्पसमा रहेका रेडक्रसको युवा सर्कल, विद्यार्थी गुणस्तर सर्कल, मानविकी विद्यार्थी समूह आदिलाई परिचालन गरी जिल्ला स्थित विभिन्न ठाउँहरुमा सामाजिक गतिविधिहरु सञ्चालन गर्ने,

९. सहयोगि निकायका रुपमा रहेका दार्चुला स्थित बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय बढाउने,

१०. सरकारी तथा गैरनिकायहरुसँग सहकार्य गरी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

## ११. सामाजिक सम्बन्ध विस्तारका लागि गरिने कार्यकलाप

दार्चुला बहुमुखी क्याम्पसको असल सामाजिक सम्बन्धकै कारण स्थानीयबासीहरुबाट ६ रोपनी जग्गा दान स्वरुप प्राप्त गरेको छ भने २० रोपनी जग्गा प्राप्त गर्न स्थानीयबासी, जनप्रतिनिधिहरुसँगको सहकार्य आवश्यक पहल भई प्रक्रिया समेत अगाडि बढिसकेको छ । प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयले कक्षाकोठा भवन निर्माण र पुस्तकालय व्यवस्थापनका दिएको बजेटबाट क्याम्पस परिसर मै सुविधासम्पन्न भवन निर्माण गरिएको छ । जिल्ला स्थित जनस्वास्थ्य कार्यालय, अपीनाम्पा संरक्षण क्षेत्र, वन, नगरपालिका, जिल्ला प्रहरी कार्यालय, शिक्षा विकास तथा समन्वय कार्यालयसँग विविध विषयमा सहकार्य हुने गरेको छ । जिल्ला स्थित रेडक्रस कार्यालयले क्याम्पसमा प्राथमिक उपचारका सामानहरु उपलब्ध गराएको छ भने जिल्ला अस्पतालले प्राथमिक उपचारका लागि आवश्यक पर्ने सामग्री तथा औषधीहरु उपलब्ध गराएको छ । आगामी वर्षहरुमा सामाजिक सम्बन्ध विस्तारका लागि क्याम्पसले तपसिल बमोजिमका थप क्रियाकलापहरु गर्ने योजना पनि रहेको छ ।

१. क्याम्पसको विकासमा सरोकारवालाहरुको चाँसो बढाउन समुदायसँगको अन्तरक्रियालाई निरन्तरता दिने,

२. साझेदारी अभिवृद्धि गर्न थप सामाजिक संलग्नताका क्षेत्र पहिचान गर्दै सम्भाव्यता अध्ययन र सहकार्य गर्ने तथा यसका लागि स्वतन्त्र विद्यार्थी युनियनको भूमिकालाई प्रभावकारी बनाउने,

३. प्राध्यापक तथा विद्यार्थीहरुको स्वयम्सेवी कार्यक्रम सञ्चालन गरी समाज र सरोकारवाला निकायसँग सम्बन्ध कायम गर्न स्रोत विद्यालयहरुको भ्रमणलाई निरन्तरता दिने,

४. जेहेन्दार, गरीब, असहाय, दलित, जनजाति, आदिबासी र अपाङ्गता भएका विद्यार्थीहरुको छात्रवृत्तिका लागि विभिन्न व्यक्ति तथा संस्थासँग सक्रिय समन्वय गर्ने,

५. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि जिल्लाका अन्य क्याम्पसहरुसँग अन्तरक्रियात्मक, रचनात्मक र सिर्जनशील क्रियाकलापको आयोजना गर्ने,

## १२. समस्या तथा चुनौतिहरु (Issues and Challenges)

दार्चुला बहुमुखी क्याम्पस उच्च शिक्षाको क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्दै आई रहेको कुरा सर्वविदितै छ ता पनि यसका केही विद्यमान समस्या तथा चुनौतिहरु निम्नानुसार रहेका छन्:–

**१. भौतिक पूर्वाधार तथा उपकरणहरुको अपिर्याप्तता:** बढ्दो विद्यार्थी चापका कारण माग अनुसारका कक्षाहरु सञ्चालनमा उपलब्ध पूर्वाधार तथा उपकरणहरु अप्रयाप्त छन् । छात्राबास, प्राध्यापक कर्मचारी आवाश गृह, विद्युतीय पुस्तकालय, कक्षाकोठा, कम्प्युटर ल्याब, प्राथमिक उपचार कक्ष, छात्रा परिधान कक्ष र व्यवस्थित शौचालय निर्माण गर्न भौतिक पूर्वाधारहरु कम पर्न गएका छन् ।

**२. प्राविधिक विषय सञ्चालन गर्न समस्या:** प्राविधिक विषयमा इन्जिनियरिङ्ग, कृषि, वनविज्ञान, सूचना तथा प्रविधि, पर्यटन इत्यादी सञ्चालन गर्न नीतिगत तथा व्यवहारिक समस्याका कारण पूर्णरुपमा गैर प्राविधिक विषयमा नै निर्भर रहनु पर्ने बाध्यताको अन्त्य भएको छैन ।

**३. शिक्षक, विद्यार्थी अनुपात:** जिल्लाका प्राय: सबै क्षेत्रबाट विद्यार्थीहरुको ठूलो चाप भएका कारण सिमित प्राध्यापक तथा भौतिक पूर्वाधारहरुले उक्त चापलाई धान्नु परेको छ ।

**४. अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा समस्या:** क्याम्पसले विदेशका विश्वविद्यालयसँग मैत्री सम्बन्ध कायम गर्न र विद्यार्थी तथा प्राध्यापकको आदानप्रदान मार्फत् प्राज्ञिक गतिविधिहरु विकसित गर्न कठिनाई भइरहेको छ ।

**५. यातायातको समस्या:** दुर्गम जिल्लामा स्थित क्याम्पस भएकाले यातायातका साधनको कठिनाईका कारण उच्च शिक्षाका लागि आवश्यक अनुसन्धान कार्य सम्पन्न गर्न सम्बन्धित क्षेत्रमा कठिनाई उत्पन्न भइरहेको छ ।

**६. समन्वयको अभाव:** विश्वविद्यालय अनुदान आयोग र सुदूरपश्चिम विश्वविद्यालयको समन्वय अभावका कारण आयोगबाट प्राप्त भएका कार्यक्रमहरु लागू गर्न कठिनाई उत्पन्न भएको छ ।

७. **भर्ना र टिकाउने दरः** विद्यार्थीको उत्तीर्ण दर बृद्धि गर्न र अध्ययन छोड्ने दरलाई न्यूनीकरण गर्ने अर्को चुनौति थपिएको छ ।

८. **परीक्षा केन्द्रः** भौतिक संरचनाको अभाव (भवन) हुँदा हुँदै पनि सिटिइभिटीका परीक्षाहरुसमेत क्याम्पसमा सञ्चालन गर्नु पर्ने अवस्थाले विद्यार्थीहरुको नियमित पठनपाठन अबरुद्ध हुने गरेको छ ।

९. **राजनीतिक चाँसोः** स्वतन्त्र विद्यार्थीको निर्वाचन आयोजना हुन थालेपछि स्वभाविक रुपमा त्यसप्रति राजनीतिक दल र तिनको नेतृत्वको चाँसो उत्पन्न हुने गरेको छ । त्यो चाँसो हालसम्म स्वार्थमा परिवर्तन भएकाले क्याम्पसमा जटिलता नथपिए पनि जुनसुकै बेला राजनीतिक स्वार्थ बाँझिन सक्ने र त्यसले क्याम्पसको दैनिक शिक्षण कार्यसमेत प्रभावित हुन सक्ने सम्भावना व्याप्त रहेको छ ।

## १३. समस्या तथा चुनौति न्यूनीकरणका उपायहरु

यस क्याम्पसको पाँच वर्षे रणनीतिक योजना अनुसार भौतिक, शैक्षिक एवम् प्रशासनिक समस्या समाधानका लागि विभिन्न उपायहरु अवलम्बन गरिएका छन्ः–

१. सुदूरपश्चिम विश्वविद्यालयको आङ्गिक क्याम्पसका रुपमा समायोजन भई सकेको परिप्रेक्ष्यमा विश्वविद्यालय अनुदान आयोग, सुदूरपश्चिम प्रदेश, सामाजिक विकास मन्त्रालय र अन्य सरकारी र गैरसरकारी निकायबाट लगानि भित्र्याई आवश्यक भौतिक पूर्वाधार तथा उपकरणहरुको समस्यालाई समाधान गर्न सकिने देखिन्छ ।

२. प्राविधिक एवम् नवीनतम् विषय सञ्चालन गर्न जमिनको उपलब्धता सम्बन्धी स्थानीय निकायसँग सहकार्य गर्ने आवश्यक पहल भईरहको छ ।

३. शिक्षक विद्यार्थी अनुपात कायम गर्न विश्वविद्यालयबाट थप स्वीकृति लिई शिक्षक भर्ना गर्न सकिन्छ ।

४. अन्तर्राष्ट्रिय सम्बन्ध बिस्तारका लागि विभिन्न मुलुकका विश्वविद्यालय तथा उच्च शिक्षा प्रदायक संस्थाहरुसँग सम्बन्ध र समन्वय बढाउन सकिन्छ ।

५. गुणस्तर प्रत्याभूति र प्रत्यायनका लागि विश्वविद्यालय अनुदान आयोगसँग माग गरी पहल गरिएको छ ।

६. विश्वविद्यालय अनुदान आयोग र सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको समन्वयका लागि पत्राचार गरी प्रक्रिया अगाडि बढाइएको छ ।

७. प्राध्यापकहरुको शैक्षिक योग्यता र क्षमता अभिबृद्धिगर्न विद्यार्थीहरुको पठनपाठनलाई अवरोध नहुने गरी आवश्यकता अनुसार प्राध्यापकहरुलाई एम.फिल., पि.एच.डी. र अन्य अनुसन्धानमूलक कार्यको शुरुवात गरिएको छ । गुणस्तर सुधारका लागि अतिथि प्राध्यापक आमन्त्रण गरी पठनपाठनको व्यवस्था गर्ने कार्यलाई विशेष प्राथमिकतामा राखिएको छ ।

८. विद्यार्थीको उत्तीर्ण दर बृद्धि गर्न अतिरिक्त कक्षा, परीक्षा अभिमुखीकरण कक्षा सञ्चालन गरिने छन् साथै अध्यापन विधिलाई समयानुकूल परिमार्जन गरिने छ भने अध्ययन छोड्ने दरलाई न्यूनीकरण गर्न परामर्श दिने, आर्थिक अवस्था कमजोर भएकालेलाई छात्रवृत्ति र छात्राबासको व्यवस्था गर्ने साथै रोजगारीका लागि समन्वय समेत गरिने छ ।

९. विद्यार्थीहरुलाई (त्रिभुवन विश्वविद्यालयका) विश्वविद्यालयले तोकेकै ठाउँमा परीक्षा दिन र सिटिइभिटीको परीक्षा अन्यत्र सञ्चालनका लागि पनि सरोकारवाला निकायलाई आग्रह गरिने छ ।

१०. स्वतन्त्र विद्यार्थी युनियनको चुनावलाई राजनीतिक मुद्दा तथा जुँगाको लडाइँ बनाउनु भन्दा विद्यार्थीलाई लोकतान्त्रिक मूल्यमान्यता सिकाउने अभ्यासका रुपमा स्थापित गरी सोअनुसार राजनीतिक दलहरुको परिचालनलाई व्यवस्थित पार्न राजनीतिक दलहरुसँग परामर्श र छलफल गरिने छ ।

## १४. विद्यार्थी कल्याण र अतिरिक्त कियाकलाप

१. विद्यार्थी उत्तीर्ण प्रतिशत अभिबृद्धि गर्न शिक्षण समिति प्रमुखहरुसँग आवश्यक छलफल गरी आवश्यकतानुसार अभिमुखीकरण कार्यक्रमहरुको आयोजना गरी पठनपाठन कार्यलाई व्यवस्थित गरिनेछ ।
२. विद्यार्थी पठनपाठन सँगसँगै अन्य शैक्षिक गतिविधि सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रमहरु सञ्चालन गरी गुणात्मक शिक्षा अभिवृद्धिका लागि समयानुकूल गतिविधिहरु सञ्चालन गरी विद्यार्थीहरुबाट प्राप्त सुझावहरुलाई लागु गरी समाधान गरिने छ ।
३. सुदूरपश्चिम विश्वविद्यालयको क्याम्पसको आन्तरिक कार्य व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८ अनुसार लक्ष्यित विद्यार्थीहरुलाई बढीभन्दा बढी मात्रामा छात्रवृत्तिमा सहभागी गराइने छ ।
४. क्याम्पसको सर्वागिण विकासका लागि भूतपूर्व विद्यार्थी समाजलाई सक्रिय बनाउन पहल गरिने छ ।
५. रोजगारीमुलक र प्रतिस्पर्धात्मक परीक्षाहरुमा विद्यार्थीहरुलाई सहभागी गराउन समयानुसार अभिमुखीकरण तथा परामर्श सम्बन्धी कक्षाहरु सरोकारवाला निकायसँग समन्वय गरेर सञ्चालन गरिनेछन् ।
६. सामुदायिक सम्बन्ध बिस्तार गर्ने कार्यमा विद्यार्थीहरुलाई सहभागी गराउन सरोकारवाला निकायहरुसँग आवश्यक सहकार्य गरी नयाँ गन्तव्य पहिल्याइने छन् ।
७. स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनलाई बाह्य हस्तक्षेपमुक्त बनाई विद्यार्थीहरुमा लोकतान्त्रिक मूल्यमान्यता र निर्वाचन प्रणालीको जानकाकारी गराउन छलफल तथा विचार गोष्ठीहरु आयोजना गरिने छन् ।
८. विद्यार्थी कल्याण तथा खेलकुद समितिमार्फत खेल मैदान, प्राविधिक जनशक्ति र सामग्रीहरुको उपलब्धताका आधारमा इन्डोर र आउटडोर प्रतियोगिताहरु सञ्चालन गरिने छन् ।

## १५. आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम

१. क्याम्पसको रणनीतिक गुरुयोजना (२०२२-२०२७) लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
२. गुणस्तर प्रत्याभुति र प्रत्यायान (QAA) २०२५ भित्र सम्पन्न गर्न विश्वविद्यालय अनुदान आयोगको कार्यक्रममा आवश्यक कार्यहरु गरिने छन् ।
३. विश्वविद्यालयको नीतिअनुसार गुणस्तरीय शिक्षा, भौतिक निर्माण र अनुसन्धान जस्ता कार्यहरु गर्न वस्तुगत रुपमा कार्यमुलक योजना बनाई कार्यान्वयन गरिने छ ।
४. क्याम्पसको भौतिक, शैक्षिक, प्रशासनिक र आर्थिक क्षेत्रलाई सुव्यवस्थित ढङ्गले सुसञ्चालन गर्न र आन्तरिक गुणस्तर सुनिश्चित गर्न निर्माण गरिएका विभिन्न समिति, शाखा एवम् फाँटहरुलाई उद्देश्यमुलक बनाउन सबलीकरणका काम गरिने छन् ।
५. विश्वविद्यालयसँग सहकार्य गरी जिल्लामा पर्यटन, कृषि विज्ञान, जडिबुटी विज्ञान, इन्जिनियरिङ, वन विज्ञान, सूचना प्रविधि र कम्प्युटर विज्ञान जस्ता विषयमा खोजअनुसन्धान गर्न पहल गरिने छ ।
६. क्याम्पसलाई उच्च शिक्षाको आकर्षक गन्तव्य बनाउन प्रविधिसहितको पुस्तकालय र अध्ययन कक्षसहितको भवन, प्रशासनिक भवन, छात्राबास, अनुसन्धान केन्द्र, चमेना गृह, खेल मैदान, उपचार र परामर्श कक्ष, महिलामैत्री शौचालय, प्राध्यापक कर्मचारी आवास, जैविक बगैंचा आदिको निर्माण कार्यलाई निरन्तरता दिइने छ ।
७. क्याम्पसमा शैक्षिक, प्रशासनिक, अनुसन्धानात्मक गतिविधिहरु सहित विश्वविद्यालयले उपलब्ध गराउने शैक्षिक प्रशासनिक कार्यक्रम राखिएको शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गरिने छ ।

८. प्रयोगात्मक, परियोजना कार्य, स्थलगत अध्यनन, सेमिनार, शिक्षण अभ्यास, घटना अध्ययन आदि भएका विषयहरुको विशेष रुपमा शिक्षण र प्रयोगात्मक कक्षाको घण्टी छुट्याएर शिक्षण प्रभाकारी गरिनेछ ।
९. प्राध्यापक तथा कर्मचारीहरुको वृत्ति विकासका लागि अभिमुखीकरण, कार्यशाला, तालिम र सेमिनार आदिको आयोजना गर्नुका साथै बजेटको सीमालाई ख्याल गर्दै दैनिक शैक्षिक र प्रशासनिक कार्यमा बाधा नपर्ने गरी राष्ट्रिय र अन्तर्राष्ट्रियस स्तरका कार्यक्रमहरुमा सहभागितालाई निरन्तरता दिइनेछ ।
१०. शोधपत्र, लघुअनुसन्धान, अनुसन्धानमुलक लेख लेखनका लागि एम्.फिल्. र पि.एच्.डी योग्यता भई अनुभव भएका प्राध्यापकहरुलाई आमन्त्रण गरी भौतिक र अनलाईन माध्यमबाट सञ्चालन गरिने कार्यशालामार्फत लाभान्वीत गराइने छ ।
११. विषयगत रुपमा प्राध्यापकहरुको एम्.फिल्. र पि.एच्.डी. वृत्तिका लागि वजेट र अध्ययन विदाको व्यवस्था गर्न विश्वविद्यालय तथा दातृनिकायसमक्ष पहल गरिने छ ।
१२. विषयगत रुपमा विद्यार्थीहरुको शैक्षणिक, वैयक्तिक र चारित्रिक विकासका लागि साँझेदार निकायहरुसँग सहकार्य गरी विभिन्न अनुसन्धानात्मक, ज्ञानात्मक र चेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छन् ।
१३. शिक्षणलाई प्रविधियुक्त बनाउन थालिएको कार्यलाई निरन्तरता दिइने छ भने विश्वविद्यालयसँग एकजना आइटी शिक्षकको माग गरिने छ ।
१४. प्राध्यापकहरुलाई शैक्षणिक प्रगतिको त्रैमासिक प्रतिवेदन तयार पार्न लगाई सुधार गर्न आवश्यक योजनासहित कार्यक्रम बनाई लागू गर्न प्रोत्साहित गरिने छ र अनुगमन रणनीति समेत बनाइने छ ।
१५. परीक्षा समितिको पहलमा प्रत्येक आन्तरिक र अन्तिम परीक्षाको नतिजा विश्लेषण गरी गुणस्तर वृद्धिका लागि विषयगत प्राध्यापकहरुबाट योजना बनाउन लगाई कार्यान्वयन गराइने छ ।
१६. विद्यार्थीहरुको क्षमता विकास गर्न लघु अनुसन्धान, परियोजना कार्य, प्रस्तावना र प्रतिवेदन लेखनका लागि आश्वयक कार्यक्रमहरु सञ्चालन गरिने छन् ।
१७. क्याम्पसको शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई उपलब्ध पाठशाला सफ्टवयरलाई व्यवस्थित र बिस्तार गरिने छ ।
१८. क्याम्पसको चौतर्फि विकासका लागि विभिन्न मन्त्रालय, प्रदेश सरकार, जिल्ला समन्वय समिति, नगरपालिका, गाउँपालिका तथा सरकारी निकायका साथै गैरसरकारी निकाय र निर्वाचन क्षेत्र विकास कोषबाट बजेट माग गर्न पहल गरिने छ ।
१९. क्याम्पसका विद्यार्थी, कर्मचारी तथा प्राध्यापकहरुको स्वास्थ्य परीक्षणका लागि हेल्थ स्क्रिनिङ सेवा सञ्चालन गरिने छ ।
२०. कम्प्युटर सफ्टवयेरका माध्यमबाट प्रशासनिक कार्यलाई छिटोछरितो र सर्वसुलभ बनाउन कर्मचारीहरुलाई थप तालिमको व्यवस्था गरिने छ ।
२१. विद्यार्थीहरुका रुचि, प्रतिभा र स्तरअनुरुप सीप विकासको लागि विद्यार्थी कल्याण तथा खेलकुद शाखाको आयोजनामा सहभागितात्मक प्रतियोगिताहरु संचालन गरी उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कार प्रदान गरिने छ ।
२२. विद्यार्थी संख्या बृद्धि गराउन प्रत्येक पालिकाहरुसित सहकार्य गर्दै फिडर विद्यालयका प्रधानाध्यापकज्यूहरुसंग अन्तरक्रिया कार्यक्रम संचालन गरिने छन् ।